# सफलताको कथाहरु

## बर्ष २०७९, भाग-६






# सोसेक नेपाल

**केन्द्रिय कार्यालय : नारायण नगरपालिका-१, दैलेख**

केन्द्रीय कार्यालय फोन नं.: ०८९-४१०१८७/४१००९६/०८९-४१००९३
बाल हेल्पलाईन १०९८ (दश नौ आठ)/९८५८०८८२२२/९८५८०३६२२२
महिला र बालबालिका केन्द्र, दैलेख : ०८९ ४१०२२२
महिला र बालबालिका केन्द्र, कालिकोट : ०८७-४४०३४४
काठमाडौं सम्पर्क कार्यालय : ०१-५९१०८९०, सुर्खेत प्रदेश कार्यालय : ०८३-४१४२५५
पैसा नलाग्ने टोल फ्रि नं.: एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८
इमेलः- sosecdailekh@gmail.com, info@sosec.org.np, hirad@ntc.com.np
Website:- www.sosec.org.np


समस्यामा परेका बालबालिकाको सहयोग र सल्लाहको लागि
हेल्लो......
आपत्कालिन पैसा नलाग्ने फोन १०९८ दश नौ आठ
बाल हेल्पलाइन


विकास साझेदार संस्थाहरु

Save the Children · Funded by the European Union · DCA actalliance · AEIN Aide à l'Enfance de l'Inde et du Népal · HELVETAS NEPAL · World Vision Hope, Joy and Justice for ALL Children · AFLATOUN INTERNATIONAL · नेपाल सरकार महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय राष्ट्रिय बाल अधिकार परिषद

# २०७९/०५/११ निर्वाचित कार्यसमिति

**अध्यक्ष**
श्री मञ्जु कुमारी खड्का

**निवर्तमान अध्यक्ष**
श्री हीरासिंह थापा

**उपाध्यक्ष**
श्री कवि राज रिजाल

**महासचिव**
श्री महेन्द्र कुमार कार्की

**कोषाध्यक्ष**
श्री कमला चन्द

**सचिव**
श्री ललिता कुमारी भण्डारी

## सदस्यहरु

श्री मन्सरा थापा मगर
श्री कमला कुमारी नेपाली
श्री संगिता राना
श्री सुजन न्यौपाने
श्री लक्ष्मण कार्की

## सल्लाहाकार समिति

संयोजक : श्री सीता कुमारी राना – पूर्व अध्यक्ष
सदस्य : श्री माधव प्रसाद तिमील्सेना – पूर्व उपाध्यक्ष
सदस्य : श्री अमर वहादुर थिङ – स्थानिय आर्थिक योजना तथा ब्यबस्थापक बिज्ञ
सदस्य : श्री यज्ञराज थापा – अध्यक्ष, पत्रकार महासंघ, दैलेख
सदस्य : श्री लाल ब. पुन – भिजिटिङ् फेकल्टि/सिनियर रिसर्च फेलो (KUSOM)

“आत्मा साक्षी राखी मन्, बचन् र कर्मले सेवा गरौं ॥”

# सफलताको कथाहरू प्रकाशन समिति

## सल्लाहाकार

अध्यक्षः श्री मञ्जु कुमारी खड्का

कार्यकारी निर्देशक / निर्वतमान अध्यक्षः श्री हीरासिंह थापा

## प्रकाशन समिति

संयोजकः श्री महेन्द्र कुमार कार्की - महासचिब

प्रमुख सम्पादकः श्री वसन्त श्रेष्ठ - उप -कार्यकारी निर्देशक

सदस्यः श्री भोला नाथ धिताल - कार्यक्रक निर्देशक

सदस्यः श्री डम्बर बहादुर कार्की - टिम लिडर

सदस्यः श्री दुर्गा गिरी - सहायक कार्यक्रम निर्देशक

सदस्यः श्री धर्म राज बास्तोला - मील अधिकृत

सदस्य सचिवः श्री साएजा अर्याल - प्रतिबेदन तथा अभिलेखिकरण  संयोजक

## प्रकाशन सहयोगी

श्री नवराज वि.सी. - कार्यक्रम निर्देशक (सहयात्रा दोश्रो)

श्री हिक्मत नेपाली - मिडिया फोकल पर्सन

श्री माधव भट्टराई - कार्यक्रम ब्यबस्थापक

श्री टिकाराम सापकोटा - लेखा तथा खरिद अधिकृत

श्री माया राना  - प्रशासन अधिकृत

(परियोजनामा संलग्न सबै कर्मचारीहरु)

**सर्वाधिकार:** प्रतिलिपी अधिकार © सामाजिक सेवा केन्द्र (सोसेक) नेपालमा यो सफलताको कथाहरूको पुस्तिका सर्वाधिकार सुरक्षित छ। यस पुस्तकमा राखिएको सामाग्रिको श्रोतका रूपमा सामाजिक सेवा केन्द्र (सोसेक) नेपालद्धारा सञ्चालित कार्यक्रम तथा परियोजनाप्रति आभार व्यक्तगरी गैर व्यवसायिक प्रयोजनको लागि यस पुस्तिकाका अंशहरू पुन : प्रकाशन र अनुवाद गर्न सकिने छ।

**प्रकाशन वर्ष** : २०७९
**संख्या** : ५००
**कम्प्युटर सेटिङ्ग** : रमेश दहित
**प्रकाशक** : सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल
**मुद्रण** : क्यापिटल प्रेस प्रा.लि., नेपालगन्ज, फोन : ०८१-५५१४६६

# धन्यवाद् ज्ञापन

बिभिन्न सरकारी तथा अन्तर्राष्ट्रिय गैर सरकारी दातृ निकायहरूको सहयोगमा यस संस्थाद्धारा संचालित विभिन्न परियोजना तथा कार्यक्रम सञ्चालबाट भएको परिवर्तन र सफलतालाई समेटी सफलताको कथा विषयक पुस्तक छैटौं पटक प्रकाशन गर्न लागेकोमा यस संस्थाका सबै कार्यसमिति पदाधिकारी, कर्मचारीहरू तथा सरोकारलावाहरूलाई बधाई दिन चाहन्छु। कार्यक्रमले जबसम्म समुदायमा परिवर्तनको रेखा कोर्न सक्दैन र जनजीवनमा भिजेर यसले प्रभाव छोड्नुका साथै परम्परागत रहन सहन, व्यवहार, चालचलनबाट नयां जीवन पद्दति अंगाल्न र आधुनिकतामा लक्षित समुदायलाई डोऱ्याउन सक्दैन तबसम्म त्यस कार्यक्रमले सफलता प्राप्त गर्न सक्दैन। यस सफलताको कथाले आगामी दिनहरूमा हाम्रा कार्यक्रममा संलग्न कर्मचारी, साझेदार संस्था, उपभोक्ता समूहहरू र सरोकारवालाहरूलाई समेत हौसाला प्रदान गर्न सकोस् भन्ने शुभेच्छाका साथ संस्थाद्धारा संचालित सबै परियोजना तथा कार्यक्रमका कर्मचारीहरूलाई बधाइका साथै धन्यवाद् दिन चाहन्छु।

म यस सफलताको कथामा आफ्ना जीवनका अनुभवहरू र कथाहरू यहां राखिदिनुहुने सम्पूर्ण लाभान्वित महिला तथा पुरुषहरूलाई धन्यवाद दिन चाहन्छु जसबाट धेरै साहसी र बहादुर व्यक्तिहरूलाई उत्प्रेरण मिल्दछ।

यो सफलताको कथा पुस्तिका तयार गर्न संलग्न हुनु भएका सम्पूर्ण लेखक, व्यवस्थापक तथा यसलाई सम्पादन र परिमार्जन गरी पठनीय बनाउन सहयोग गर्नुहुने उप कार्यकारी निर्देशक वसन्त श्रेष्ठ लगायत सबैजना धन्यवाद्को पात्र हुनुहुन्छ। यसलाई अझ परिस्कृत र परिमार्जित गर्न अध्ययन गरी विज्ञहरूको राय, सल्लाह र सुझाबको समेत अपेक्षा राख्दछौं। राय, सल्लाह र सुझाबका लागि sosecdailekh@gmail.com वा info@sosec.org.np मा पठाउनुहुन अनुरोध गर्दछौं।

२०७९

**हीरासिंह थापा**
तत्कालिन अध्यक्ष, कार्यकारी निर्देशक
सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल

# सफलताको कथाहरू पुस्तकको सन्दर्भमा

सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल मानव अधिकार, जलवायु परिवर्तन तथा विपद् व्यवस्थापन र जिविकोपार्जनका क्षेत्रमा सहयोग गर्ने एक राष्ट्रिय गैर सरकारी संस्था हो। यसले विगत २४ वर्ष देखि नेपालको दैलेख, सुर्खेत, अछाम तथा कालिकोट जिल्लामा यिनै क्षेत्रहरूसंग सम्बन्धित रहेर काम गर्दै आइरहेको छ। सामाजिक सेवा केन्द्र (सोसेक) नेपालले आफ्नो स्थापनाकालदेखि नै नेपालको समग्र विकासमा योगदान पुऱ्याउनका लागि विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय सरकारी तथा गैर सरकारी दातृ निकायहरूसंगको साझेदारी तथा सहयोग मार्फत प्राकृतिक स्रोत र साधनहरूको समुचित व्यवस्थापन, जिविकोपार्जन, विपद् तथा जलवायुजन्य प्रकोप न्यूनिकरण, स्वास्थ्य, शिक्षा, महिला शसक्तीकरण, समता र सामाजिक न्याय पद्धतिको अवलम्बन गर्दै समुदायको गरिव तथा जोखिममा रहेका समुदाय तथा परिवारहरूको सामुदायिक श्रोत परिचालनद्धारा जिवनस्तर सुधारका कार्यहरूमा महत्वपूर्ण भूमिका खेल्दै आइरहेको छ।
यसै सन्दर्भमा संस्थाले संस्थाद्धारा सञ्चालित कार्यक्रम/परियोजनाहरूको गतिविधिहरूको प्रभावलाई समेटी सफलताका कथाहरू संग्रह गरी पुस्तक प्रस्तुत गरेका छौं। यसले संस्थासंग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सरोकार राख्नुहुने महानुभावहरू सबैको रुचिको विषय हुनेछ भन्ने कुराको आशा लिएका छौं। साथै संस्थाबाट निदृष्ट गरेका कार्यक्रमहरू सम्पन्न गर्न निरन्तर प्रयास गर्नुहुने यस संस्थाका विभिन्न तहका कर्मचारीहरूप्रति यो संस्था सदैव आभार रहनेछ।

यो किताब तयार पार्ने क्रममा तथ्याङ्क संकलन, लेखन कार्यमा सहयोग र सुझाव दिनुहुने सामाजिक सेवा केन्द्र (सोसेक) नेपालका निवर्तमान अध्यक्ष हीरासिंह थापा, कार्यकारी निर्देशक लगायत सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद् दिन चाहन्छौं। यो किताबलाई व्यवहारिक र सरल बनाई अन्तिम रूप दिन सहयोग गर्नुहुने संस्थाका कार्यक्रमका प्रमुखहरू नवराज विसी, दुर्गा गिरी, साएजा अर्याल, माधव भट्टराई, महेन्द्रराज अधिकारी, जिबराज रेग्मि,रमा श्रेष्ठ, पृथ थापा, पुष्कर शर्मा, टिकाराम सापकोटा, माया राना, धर्मराज वास्तोला लगायत सम्पूर्ण कर्मचारीहरू, टिम लिडर डम्बरबहादुर कार्की, कार्यसमिति पदाधिहरू र सम्पूर्ण सहयोगि तथा साझेदार दातृ निकायहरूलाई विशेष धन्यवाद् दिन चाहन्छौं। साथै यसलाई अझ राम्रो डिजाइन गरी प्रकाशनमा सहयोग गरिदिनुहुने क्यापिटल प्रेस प्रा.ली. नेपालगंजका रमेश दहितलाई धन्यवाद् दिन चाहन्छौं।

अन्तमा यस सफलताको कथा पुस्तक प्रकाशन र अध्ययन पश्चात यसमा भएका केही गल्ती कमजोरीहरूलाई औंल्याई अगाडी बढ्न मार्ग निर्देशन दिनुहुन अनुरोध गर्दै निरन्तर सुझाव र सल्लाहको अपेक्षा गर्दछौं।

**वसन्त श्रेष्ठ**
उप कार्यकारी निर्देशक
सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल

# बिषय-सूची


| सि.नं. | विषय | पेज नं. |
|---|---|---|
| १. | गाउँमै रोजगारीको अवसर श्रृजना | १ |
| २. | घरघरमा धाराले बढायो आम्दानी | २ |
| ३. | आत्मनिर्भर बन्दै सविता | ३ |
| ४. | फोहोरपानीबाट मुक्त गाउँ | ४ |
| ५. | सोचसँगै, बदलियो गाउँ | ५-६ |
| ६. | पूर्णसरसफाइ क्षेत्र उन्मुख हुँदै काप्रीखोला गाउँ | ७ |
| ७. | जलवायुमैत्री उन्मूख गाउँ, जाक्सी | ८ |
| ८. | फेरियो मानसिक अवस्था | ९ |
| ९. | रोकियो विदेशको यात्रा सुध्रियो अवस्था | १० |
| १०. | राउटे, सकारात्मक सोच | ११-१२ |
| ११. | सपनाको बदलिएको खेति प्रणाली | १३-१४ |
| १२. | स्वास्थ्य सेवाप्रति सचेत हुदै राउटे समुदाय | १५-१६ |
| १३. | जलवायु मैत्री कृषिले ल्याएको परिवर्तन | १७-१८ |
| १४. | स्मार्ट फोनले बदलिएको जीवन | १९-२० |
| १५. | प्रविधिको प्रयोगले तरकारी खेतीमा ल्याएको परिबर्तन | २१ |
| १६. | कौशिलाका रहरहरू | २२-२३ |
| १७. | सुध्रियो अवस्था | २४ |

| | | |
|---|---|---|
| १८. | नाती पढाउने जीतबहादुरको सपना | २५-२६ |
| १९. | बिनिताको पहिलो आम्दानी | २७ |
| २०. | गाजलेको कृषि पेसाको उपलब्धी | २८ |
| २१. | तरकारी खेतिबाट मिल्यो प्रेरणा | २९ |
| २२. | आहत पछिको राहत | ३०-३१ |
| २३. | यस्तो पो समय व्यवस्थापन | ३२ |
| २४. | फेरिएकी स्मृती | ३३-३४ |
| २५. | सानो सहयोगले फेरिएको सार्कीको जीवन | ३५ |
| २६. | कृषि सिपले उत्पादक्तवमा वृद्धि | ३६ |
| २७. | जाँगरले बदलिएका यूवा | ३७ |
| २८. | आधुनिक कृषिले ल्याएको परिवर्तन | ३८ |
| २९. | अन्धकारबाट उज्यालो सम्मको हिमानीको जीवन कथा | ३९-४० |




# गाउँमै रोजगारीको अवसर श्रृजना

भैरवी गाउपलिका-४ वुडना टोलका समुदायका घरधुरीहरूको जिविकोपार्जन ज्याला मजदुरी परम्परागत खेति किसानी तथा बैदेशिक रोजगारीको माध्यमबाट चलाउने गर्दथे। मौसमी तरकारी तथा परम्परागत खेति किसानीबाट गरिएको उत्पादनले पर्याप्त मात्रामा खान नपुगेको र घर खर्च चलाउन अप्ठेरो हुने भएकाले गाउँका अधिकांश युवाहरू वैदेशिक रोजगारीका क्रममा भारत जाने गर्दथे।

एइआईएन लक्जेम्बर्ग तथा सोसेक नेपालको साझेदारी र भैरवी गार्उपालिकाको समन्वयमा सञ्चलित आधार परियोजनाबाट २० जना युवाहरू संगठन गरी प्रगतिशील युवा क्लव गठन गरिए पश्चात नियमित रूपमा मासिक वैठक संचालन गर्ने साथै युवा अधिकार, बाल विवाह, मर्यादित महिनावारी, स्वास्थ्य तथा सरसफाई लगायत विषयमा छलफल एवम् अभिमुखीकरण गर्ने कार्य गरिएको थियो। युवाहरूलाई स्थानीय स्तरमा स्वरोजगारको अवस्था श्रृजना गर्न थप आयआर्जनको लागि परियोजनाबाट रु. १५ हजार क्लबलाई सहयोग गरिएको थियो। यसका साथै क्लबका सदस्यहरूले नियमित मासिक रु. ५० बचत शुरु गर्न थाले। युवाहरूले गाउैमै रोजगारको अवस्था निर्माण गरी केही गर्नुपर्छ भन्ने धारणा राखेपछी परियोजनाबाट थप रु ४५ हजार आयआर्जनका लागि सहयोग गरियो। क्लबमा भएको बचत रकम र संस्थाबाट व्यवसाय सञ्चालनको लागि उपलब्ध गराईएको अनुदान रकमबाट क्लबका सदस्यहरूलाई ऋृण तथा अनुदान मार्फत ९ जना युवाहरु विभिन्न आयआर्जनका क्रियाकलापहरू जस्तैः कुखुरा पालन, बाख्रापालन तथा ताजा तरकारी खेतीमा संलग्न भए।

अहिले क्लबमा मासिक बचत गरी रु.१ लाख ७० हजार जम्मा भइसकेको छ। जसलाई क्लबले क्लबका सदस्यहरूलाई मासिक १ प्रतिशत व्याजमा ऋण उपलब्द गराएको छ। क्लबका सदस्यहरूले स्थानीय बजारलाई लक्षित गरी विभिन्न आयआर्जनमूलक क्रियाकलापहरू जस्तैः कुखुरा पालन बाख्रापालन ताजा तरकारी खेति तथा विभिन्न व्यापार व्यवसायहरू सञ्चालन गरी गाउँमै रोजगारीको अवस्था सिर्जना गरेका छन्।

क्लबकी अध्यक्ष अनिता थापा भन्नु हुन्छ। "कमाई गर्न भारत नै जानुपर्छ भनने हाम्रो सोच संस्थाको सहयोग पश्चात अहिले हामी गाउंमा नै विभिन्न किसिमका व्यवसाय गरी आम्दानी गर्न थालेका छौं।"



# धाराले बढायो आम्दानी

रामबहादुर रावलको आफ्नो ७ जनाको परिवार सहित दुल्लू नगरपालिका वडा नं. १२ र ाहुतबाडामा बसोबास गर्दछन् । सफा, स्वच्छ खाने पानीको समस्याका कारण झण्डै ३० मिनेटको बाटो हिंडेपछि मात्र पानीको मुहान भएको ठाउँमा पुगिने र समुदायका मानिसहरुको पानी लिने श्रोत भएकोले भिड भई पानी भर्नको लागि घन्टौं कुर्नुपर्ने बाध्यता रहँदै आएको थियो ।

एकृकीत जलश्रोत ब्यवस्थापन कार्यक्रम हेल्भेटास र दुल्लु नगरपालिकाको साझेदारीमा सामाजिक सेवा केन्द्र (सोसेक) नेपालद्धारा सञ्चालित गोगनपधेरा सोलार लिफ्ट खानेपानी तथा सरसफाइ योजना २०७७ सालमा शुरु भयो । यस योजनाले ८२ घरधुरी समेटेको थियो जस मध्ये राम बहादुर रावल पनि एक उपभोक्त थिए । गोगन पंधेरा सोलार लिफ्ट सिंचाई आयो जना निर्माण भएपछि पानी भर्न घण्टौ कुर्नुपर्ने राम बहादुर लगायतका ८२ घरधुरीको खानेपानी लिन जानुपर्ने सास्ती हटेको छ ।

पानी उपलब्ध भए पस्चात, राम बहादुर अहिले करेसावारीमा तरकारी खेती गरिरहेका छन् । खानेपानी योजना सञ्चालन पहिला, तरकारी किनेर खाने राम बहादुर अहिले आफुले खाएर बचेको तरकारी बिक्रि पनि गर्ने गरेका छन । राम बहादुरले तरकारी खेतीबाट बार्षिक झन्डै रु. ९५,००० आम्दानी गरी घरको खर्च समेत सहजै चलाउन सक्ने भएकाछन् भने यो बर्ष मात्र रु.४०,००० हजार जतिको सिमी स्थानीय बजारमा बिक्री गरेका छन् ।

राम बहादुर भन्छन्, "विहान साँझ पानी ल्याउन जाने समय बच्ने भएपछि अहिले म छोरा छोरीको पढाईमा सहजिकरण गर्न समय दिने गरेको छु र म आफु पनि करेसाबारीमा काम गर्ने गरेको छु । उत्पादन भएको तरकारी अहिले हामीले उपभोग संगै ब्रिक्र वितरण पनि गर्ने गरेको छौ, जसले गर्दा घर खर्च चलाउन सहज भएको छ ।"

# आत्मनिर्भर बन्दै सविता

२४ बर्षिय सविता न्यौपाने दैलेख जिल्ला भैरवी गाउँपालिका वार्ड नं ३ मा स्थायी बसोबास गर्दै आएकी छिन् । ४ जनाको सदस्य रहेको सविताको परिवारको आर्थिक अवस्था कमजोर भएकाले परिवारको जीविकोपार्जनको लागि उनको श्रीमानलाई रोजगारका लागि भारत जानु पर्ने बाध्यता भएको थियो। उनका श्रीमान मौसमी रो जगारको लागि भारत जाने र आउने गर्दथे ।

एइआईएन लक्जेम्बर्ग तथा सोसेक नेपालको साझेदारी र भैरवी गाउंपालिकाको समन्वयमा सञ्चलित आधार परियोजना भैरवी गाउंपालिकामा लागु भएको छ। परियोजनाले यूवाहरूको जीविकोपार्जन सुधार, क्षमता विकास तथा विभिन्न सामाजिक विकृति र विसंगतिका विरुद्ध जनचेतना फैलाउन सहयो ग गर्दछ । परियोजनाकै सहयोगमा सविता न्यौपानेको समुदायमा समाज सेवा यूवा क्लब गठन गरियो छ। जसमा सविता पनि आवद्ध छिन्। क्लबका सदस्यको जीविकोपार्जनमा परिवर्तन र स्थानीय स्तरमै रोजगारी श्रृजना गर्नका लागि क्लबको सिफारिसमा परियोजना मार्फत रु.१५ हजार व्यवासाय सञ्चालन गर्न यसै बर्ष सवितलाई सहयोग गरियो र उनले त्यसबाट २ वटा बाख्रा खरिद गरी बाख्रापालन व्यवसाय गरिन् ।

२ वटा बाख्राबाट व्यवसाय शुरु गरेकी सवितासँग हाल ६ वटा बाख्राहरू भएको छ। विगतका दिनमा आम्दानीका लागि श्रीमानको कमाईमा आश्रीत हुनु पर्ने न्यौपाने अहिले बाख्रा पालनबाट आम्दानी गर्न थाले कि छिन्। जस बाट अहिले उहाँले आफ्नो परिवारको घर खर्च चलाउनुका साथै क्लबमा मासिक वचत पनि गर्ने गरेकी छिन् ।

सविता भन्नु हुन्छ, "आफै आम्दानी गर्ने गरेको कारण होला, अहिले मलाई घर खर्च चालाउन निकै सजिलो भएको छ र स- साना घरायसी सामाग्री किन्न लाई समेत आफ्नो श्रीमान् लाई सोदिराख्नु पर्ने अवस्था छैन् ।"





# फोहोरपानीबाट मुक्त गाउँ

डुङ्गेश्वर गाउँपालिका वडा नं ६ की सुजन कुमारी बुढाको परिवारमा ५ जना सदस्य रहेका छन् । उनको गाउँमा पिउने पानीको ठुलो समस्या रहेको थियो । ३१ घरधुरीको लागि खोलाको पानी ल्याएर बनाएको खानेपानीको धारामा पानी भर्न समेत करिब ५० मिनेट लगाएर पालो कुर्नु पर्ने उनको बाध्यता थियो । सिंचाईको लागि प्रयोग गरिने फोहर पानी पिउनु पर्ने बाध्यताका कारण विभिन्न पानीजन्य रोगहरुको सामना गर्नुपर्थ्यो ।

हेल्भेटास नेपाल र डुङ्गेश्वर गाउँपालिकाको आर्थिक सहयोग र सोसेक नेपालद्धारा सञ्चालित एकिकृत जलश्रोत व्यवस्थापन कार्यक्रम मार्फत सुजनको गाउँमा ज्यामिरे खानेपानी तथा सरसफाई योजना निर्माणको कार्य सुरुवात भयो । योजनाको निर्माण संगसंगै उनको समुदायलाई स्वच्छ खानेपानी तथा सरसफाई स्वच्छता सम्बन्धी अभिमुखिकरणका साथै अन्य क्षमता विकासमा सहजिकरण गरिएको थियो । कार्यक्रमको सहजिकरण पछि प्रत्येक घरमा धारा, चाङ, हातधुने स्थान, फोहोर फाल्ने खाडल, पानी शुद्धताको लागी फिल्टर जडान गरिएको छ ।

अहिले उनको गाउँ एक स्वच्छ गाउँको नमुनाको रूपमा परिचित भएको छ । गाउँका मानिसहरू अहिले फोहार पानीको प्रयोग गर्न बाटमुक्त भई स्वच्छ र सुरक्षित पिउने पानी पाएका छन् । स्वच्छ खानेपानी तथा सरसफाइबाट, फोहर पानीका कारण लाग्ने रोगहरूमा कमी आउनुका साथै पेट दुख्ने र झाडापखाला लाग्न पनि कमी भएको छ ।

सुजन कुमारी भन्छिन्, ''सफा तथा स्वच्छ पिउने पानीको प्रयोग बाट स्वस्थ रहन आवश्यक रहेछ भन्ने कुरा थाहा भयो र अहिले हामी सुर क्षित र सफा पानी पिउन पाएका छौ ।''

# सोचसँगै, बदलियो गाउँ

दैलेख जिल्ला दुल्लु नगरपालिका वडा नं. ४ मा भण्डारीटोल रहेको छ। परम्परागत शैलीमा खेती गर्दै जीवन विताईरहेका टोलबासीहरूको जीविकोपार्जनको अवस्था अत्यन्त न्युन हुंदै गएको थियो। विभिन्न रोग किराको आक्रमण, सुख्खा, खडेरीको कारण खेतियोग्य जमिन बांझै रहने र गरिएको खेती किसानीबाट पनि भनेजस्तो उत्पादन लिन नसकिने भएपछि गुजारा तथा घर व्यवहार धान्नको लागि प्राय जसो गाउँका युवाहरू मौसमी रोजगारीको शिलशिलामा भारत लगायत अन्य देशहरूमा मौसमी रोजगारीका लागि जाने गरेका थिए।

यूरोपियन यूनियन र डिसिएको सहयोग तथा लि-वर्डको प्राविधिक सहयोगमा सोसेक नेपालद्धारा संचालित उत्थान परियोजनाबाट भण्डारीटोल बहुउद्देश्यीय कृषक समूह गठन भई परियोजनाका कृयाकलापहरू सञ्चालन भयो। ४४ घरधुरीले परियोजनाबाट आधुनिक कृषि प्रणालीबारे जानकारी तथा जलवायु परिवर्तन र अनुकुलन सम्बन्धी तालिम प्राप्तसंगै जलवायुमैत्री खेतिका लागि स्थायी र अस्थायी पोली हाउस, उन्नत जातका बिऊ, भकारो सुधार, जलवायु तथा लैंगिकमैत्री औजार लगायत सरल थोपा, पशु मुत्र संकलन, एक घर एक सिचाई पोखरी आदि विभिन्न प्रविधि तथा परियोजनाको प्राविधिक सहयोग पश्चात तरकारी खेतिको शुरुवात गरे। त्यसका अलवा बाली नाली तथा तरकारी खेतिको पोषण व्यवस्थापन र रोगकिरा नियन्त्रणका लागि जैविक विषादी (झोलमोल १, २, ३) बनाई आफ्नो बालिमा प्रयोग गर्न थाले।

अहिले गाउँका मानिसहरू जलवायुमैत्री प्रविधिको प्रयोग पछि विभिन्न रोग किरा, सुख्खा खडेरीबाट हुने जोखिम कम हुदै आएपछि कृषकहरुले मौसमी तथा बेमौसमी तरकारी र अन्नबालीको खेति गर्न थालेका छन्। यति मात्र नभएर लैंगिकमैत्री कृषि औजारको प्रयोगबाट समयको वचत भएसंगै गाउँका महिलाहरूको विपद् जोखिम न्यूनीकरण, आयमूलक क्रियाकलाप तथा सामुदायिक कार्यमा सहभागिता समेत बढेको छ। अहिले





गाउँका मानिसहरूले जलवायु परिवर्तन अनुकुलनका उपायहरू अपनाउनुका साथै भण्डारी टोल, जलवायु मैत्री नमुना गाउँ तिर उन्मुख हुन थालेको छ।

भण्डारीटोल बहुउदेश्यीय कृषक समूहकी सदस्य लक्ष्मी भण्डारी भन्छिन् "जलवायु परिवर्तन भनेको त बल्ल थाहा पायौ। विभिन्न रोग किराहरू लाग्ने, समयमा पानी नपर्ने, भएका पानीका मुलहरू सुकेका कारणले गर्दा बांझो भैसकको जमिनलाई जलवायुमैत्री प्रविधिको प्रयोग गरेपछि उत्पादन गर्न सकिने, समयको बचत र आम्दानी पनि गर्न सकिने रैछ। घरको जोहो गर्नका लागि खेति किसानी गर्न छोडी भारत जान बाध्यता अहिले कमहुंदै गएको छ। यसका साथै हाम्रो गाउँ पनि जलवायुमैत्री नमुना गाउँ हुन सक्छ भन्ने त हामीले परिकल्पना समेत पनि गरे का थिएनौ। अब यस्ता गतिविधिहरुलाई सबै ठाउंमा सञ्चालन गर्न स्थानी नगर पालिकामा योजना बनाउन पैरवी गर्न थालेका छौं।"



# पूर्णसरसफाइ क्षेत्र उन्मुख हुँदै काप्रीखोला गाउँ ।

महाबु गाउँपालिका वडा नं. ४ काप्रीखोला गाउँमा बस्ने मानिसहरूको मुख्य समस्या खानेपानी तथा सरसफाइ हो । खानेपानीको मुहान बस्तीबाट टाढा भएकाले मानिसहरूलाई पानीको दुख थियो र पानीको मुहान पनि सुरक्षित थिएन ।

हेल्भेटास नेपालको सहयोग र महावु गाउंपालिकाको सहयोग तथा सोसेक नेपालद्धारा सञ्चालित एकीकृत जलश्रोत व्यवस्थापन कार्यक्रमको सहयोगबाट काप्रिखोलामा खानेपानीको सुविधा पुगेको छ । योजना सञ्चालन सगै योजनाका विभिन्न क्रियाकलाप तथा तालिमहरू र सरसफाइका क्रियाकलापहरू पनि समुदायमा सञ्चालन गरिएको छ ।

अहिले यो समुदायका २२ घरधुरीका प्रत्येक घरमा एक धारा, एक चाङ, एक फिल्टर, एक फोहोर फाल्ने खाडल, हातधुने स्थान निमार्ण तथा प्रयोगमा ल्याएका छन् । तथा सम्पूर्ण घरले आफ्नो चर्पी सफा गर्ने सुरक्षित राख्ने गरेका छन । हाल आएर यो गाउँ महाबु गाउँपालिकाकै नमूना गाउँ भएको छ ।

गाउँका मानिसहरू भन्छन्, "सरसफाइ अभियान सञ्चालन गरे पछि सरसफाइ र आनीबानीमा परिवर्तन आएको छ र अब हाम्रो गाउँलाई पुर्ण सरसफाइ उन्मुख क्षेत्र घोषण गर्ने सोच गरेका छौ ।"



# जलवायुमैत्री उन्मूख गाउँ, जाक्सी

जाक्सी, सुर्खेत जुम्ला जोड्ने कर्णाली राजमार्गमा गाउका आधिकांश परिवार परम्परागत कृषिमा आश्रित छन्। परम्परागत कृषि प्रणाली अनुसार पुरानै तरिकाको मौसमी खेति गर्ने र रासायनिक मल र रासायनिक बिषादीको प्रयोग गरी जलवायु परिवर्तनमा मात्र असर परेको थिएन। उनीहरूको उत्पादनमा पनि कमी हुन थालेको थियो। जसका कारण उनीहरू घरखर्च चलाउन विदेश पलाएन हुनुपर्ने वाध्यता थियो।

उत्थान परियोजनाले जलवायुमैत्री खेति प्रणाली सम्बन्धी ज्ञानका साथ साथै जलवायु परिवर्तन र यसको अनुकूलनका उपायहरुका बारेमा पनि जानकारी गरायो। र जलवायु अनुकुलनका लागि जलवायु मैत्री, लैंगिकमैत्री कृषि औजारका साथ साथै उन्नत जातका विउविजनहरू पनि सहयोग गर्‍यो र निरन्तर त्यसको फलोअप गरी स्थानीय कृषकहरूलाई जलवायुमैत्री कृषि खेतिका लागि उत्प्रेरणा प्रदान गर्‍यो।

अहिले जाक्सीका कृषकहरूले जलवायुमैत्री कृषि औजारहरू र जलवायुमैत्री प्रविधिको प्रयोग गरी मौसमीका साथसाथै वेमौसमी तरकारी पनि उत्पादन गरीरहेका छन्। खेतिमा रोगकीरा लागिहाले पनि जैविक विषादी प्रयोग गर्दै आएका छन् र रासाायनिक मलको ठाउमा कम्पोष्ट मल प्रयोग गर्दै आएका छन्। कुनै समय परम्परागत मौसमी कृषि खेति गरी उत्पादन नहुदा घर खर्च धान्न विदेश जानुपर्ने वाध्यता भएका गाउलेहरू आजकाल मौषमी तथा वेमौसमी अर्गानिक खेति गरी वच्चाको पढाई खर्च, घरखर्च चलाउने मात्र हैन, सहकारीमा वचत सम्म गर्न भ्याएका छन्।

मालिका सहकारीकी अध्यक्ष विष्णु देवि कार्की भन्छिन्, "हामीलाई पहिले जलवायु परिवर्तन र अनुकुलन सम्बन्धी राम्रो ज्ञान थिएन। जव परियोजनाले हामीलाई विभिन्न तालिम तथा अभिमुखीकरणका माध्यमबाट जलवायु परिवर्तन र अनुकलन सम्बन्धी जानकारी गराये अनि हामीले जलवायुमैत्री कृषि औजारहरू प्रयोग गरी जलवायुमैत्री खेति गरीराखेका छौ र अरूलाई पनि जलवायु र यसका अनुकुलनका उपयहरूको वारेमा छलफल समेत गर्ने गरेका छौ।"

# फेरियो मानसिक अवस्था




कालिकोट जिल्ला सान्नि त्रिवेणी गाउँपालिका वडा नं. १ बस्ने सुस्मा संज्यालका जम्मा ६ जनाको परिवार रहेको छ। सानै उमेरमा प्रेम विवाह गरेकी सुस्मा एकाएक मानसिक अवस्था गुमाउन पुगिन । यसरी मानसिक अवस्था गुमाएर हिडेकी सुस्मालाई जितेगडा देखि नेपाल प्रहरीले उद्दार गरी सामाजिक सेवा केन्द्र नेपाल द्वारा कालिकोटमा संचालित १०९८ मा बुझाएपछि संस्थाको कालिकोट स्थित अल्पकालिन आश्रय गृहमा राखियो।

लामो समय अवधिसम्म गृहमै राखि संस्थाका मनोविमर्शकर्ताहरुले निरन्तर मनो विमर्श सेवा प्रदान गर्दा पनि उनको अवस्थामा सुधार आउन नसकेपछि उनलाई जिल्ला अस्पताल कालिकोटमा रहेको ओ.सी.एम्.सी.मा लगेर उपचार गराइयो र उनको परिवारको खोजी गरी पुनर्मिलन गराई थप उपचारका गर्न आवश्यक देखिएकोले ओ.सि.एम्.सी.को आर्थिक सहयोग र सामाजिक सेवा केन्द्रको समन्वयमा थप मानसिक उपचारका लागि प्रदेश अस्पताल सुर्खेत लगियो। अहिले उनी निको भएर पनि आफ्नो परिवारसंगै होस हराएको जिन्दगी परास्त गर्दै हासी खुसी नया जिवनको संचालन गर्दैछिन्।

सुर्खेतमा उपचार गरी पूर्ण स्वास्थ्य लाभ गरी गाडिबाट कालिकोट पुगेर झरे लगत्तै सोसेक नेपालद्धारा संचालित महिला तथा वालवालिका केन्द्र कालिकोटको अफिसमा पुगी मधुर स्वरमा सुस्मा भन्छिन्, "आज सोसेक नेपालले सहयोग नगरे को भए म मर्थे या वाच्थे थाहा थिएन तर मरेको भए नि वेवारिसे मर्थे र वाचेको भए नि नरकको जीन्दगी चलिरहेको हुन्थ्यो। मलाई त्यस्तो अवस्थावाट सहयोग गरी नया जीवन दिनुभएको छ। यसको लागी सोसेक नेपाल र मेरो सहयोगमा खटिने सम्पूर्ण कर्मचारीहरु मेरा धन्यवादका पात्र हुनुहुन्छ।"



# रोकियो विदेशको यात्रा सुध्रियो अवस्था

दुल्लु नगरपालिका वार्ड नं. ४ अन्तर्गत भण्डारीटोलका जोरासिंग भण्डारीको ५ जनाको परिवार रहेको छ। परिवारको आवश्यकता पुरा गर्न भण्डारी ज्याला मजदुरी गरी जीविका चलाउन भारत जाने गर्दथे । प्रयाप्त खेती जमिन भएतापनी सुख्खा खडेरी सिचाई अभावले गर्दा बालिनाली उब्जनीको कमिले परिवारको पेट पाल्न अत्यन्तै मुस्किल थियो। आम्दानीको स्रोत पनि केही नभएको र खान पनि समस्या भएकाले घर परिवार चलाउन जोरासिंहलाई भारत जानुपर्ने बाध्यता थियो।

युरोपियन युनियन र डिसिएको सहयोग तथा लि-वर्डको प्राविधिक सहयोगमा सामाजिक सेवा केन्द्र (सोसेक) नेपालद्वारा सञ्चालित उत्थान परियोजनाबाट भण्डारीटोलमा बहुउद्देशीय कृषक समूह गठन भयो। समूहमा आबद्ध भएर जोरासिंहले आधुनिक कृषि प्रणालीबारे खेति किसानी गर्न अस्थायी पोली हाउस, उन्नत जातका बीऊ, भकारो सुधार, जलवायु अनुकुलन औजार अन्तर्गत सरल थोपा, सिचाई पोखरी आदि विभिन्न आधुनिक उपकरण र प्रविधि प्राप्त गरे। कृषि सम्बन्धी तालिम पाएपछी उनले मौसमी तथा बेमौसमी तरकारी खेती पनि सुरु गरे।

जलवायु अनुकुलन खेति थाले पश्चात उनि प्रसस्त मात्रामा तरकारी उत्पादन गर्न सक्षम भएका छन् र सोहि उत्पादिन तरकारीबाट आम्दानी पनि हुने गरेको छ। तरकारी खेतिबाट भएको आम्दानीबाट छोरीहरूको पढाई र घर खर्च चलाउन सहज भएको छ।

जोरासिंह भन्छन्, "आम्दानीको स्रोत तरकारी खेति भएपछि भारत जाने बाद्यता हटेको छ र अब भारत नगई आफ्नै देशमा तरकारी खेतिलाई व्यवसायीकरण गर्ने भावी योजना बनाएको छु।"






# राउटे, सकारात्मक सोच

लोपोन्मुख जति राउटे मानव सभ्यताको लामो इतिहास बोकेको दक्षिण एसियाको एकमात्र अन्तिम भ्रमणशील समुदाय हो। कर्णालीमा फिरन्ते जीवनयापन गरिरहेका उनीहरूको आफ्नै मान्यता तथा मौलिकताभित्र रही जीवनयापन गरिरकेका छन्। यद्यपि राउटे आधुनिक मानव समाजबाट टाढा छन् र उनीहरू प्रकृतिसंग निकट छन्।

राउटे परियोजना एईआईएन लक्जेम्बर्गको सहयोग, गुरांस गाउंपालिकाको समन्वय र सामाजिक सेवा केन्द्र (सोसेक) नेपालको सहजीकरणमा राउटे समुदायमा कार्यान्वयन भइरहेको छ। राउटे परियोजना कार्यान्वयनमा आएपछि राउटे परियोजनाले प्रदेश सरकारसँग निरन्तर समन्वय र पैरवी मार्फत थप सेवा तथा भत्ता उपलब्ध गराई उनीहरूको दैनिकीमा सुधार ल्याउन निरन्तर योगदान दिइरहेको छ। त्यसैगरी यो परियोजना कार्यान्वयनमा आएपछि सन् २०२१ को राष्ट्रिय





जनगणनामा पनि राउटे जति समावेश गरिएको छ। यसले उनीहरूको मौलिक भाषा, इतिहास, अधिकार, परम्परा र लिपिको संरक्षण र प्रवर्द्धनमा मद्दत गरेको छ। साथै उनीहरूको स्वास्थ्य र सरसफाई कायम गर्न परियोजना मार्फत एक जोडी शिक्षक शिक्षक र एकजना स्वास्थ्यकर्मी खटाइएको छ।

पढ्न र लेख्नलाई आफ्नो सबैभन्दा ठूलो शत्रु मान्ने राउटे, अहिले समुदायका बालबालिका र युवाले राउटे परियोजनाको सहजीकरणपछि अनौपचारिक रूपमा पढ्न र लेख्न थालेका छन्। जोडी शिक्षकको परिचालनमा राउटे बालबालिका र युवाहरू अहिले खेलकुदतर्फ आकर्षित भएका छन्। सरसफाइमा खासै ध्यान नदिने राउटेवासीले अहिले सरसफाइमा ध्यान दिन थालेका छन्। प्राय जसो ननुहाउने राउटे समुदाय, अहिले नुहाउन, नङ काट्न, कपाल काट्न र सरसफाइलाई महत्व दिँदै साबुनको प्रयोग गर्न पनि थालेका छन्। व्यक्तिगत सरसफाई मात्र नभएर, उनीहरू आफु बस्ने वरपरको क्षेत्र समेत सफा गर्ने गरेका छन्।

बिरामी हुँदा वा शरीरमा चोटपटक लागेमा जडिबुटीको प्रयोग गर्ने राउटे अहिले परियोजना मार्फत खटाईएका स्वास्थ्यकर्मीबाट उपचार पनि लिन थालेका छन्। उनीहरूले एलोप्याथी औषधि र चिकित्सक बाट उपचार लिनुका साथै सामान्य चोटपटक लाग्दा ब्यान्डेजको प्रयोग पनि गर्न थालेका छन्। गम्भीर बिरामी परेमा उपचारका लागि अस्पताल पनि जाने गरेका छन्।

जोडी शिक्षक लाल बहादुर खत्री भन्नुहुन्छ, "संस्थाको सहयोगले उनीहरूको दैनिकीमा धेरै परिवर्तन आएको छ र यसअघि उपचार नपाएर अथाहा पिडा भोगेका राउटे समुदाय अहिले, स्वास्थ्यकर्मीबाट उपचार गराउँदै आएका छन्।"

# सपनाको बदलिएको खेति प्रणाली

आठबीस नगरपालिका ३ कुमालखाडाकी सपना शाहीले तरकारी खेति सुरु गरेको ४ बर्ष भयो। प्रयाप्त मात्रामा खेति योग्य जमिन भएतापनि सुख्खा, खडेरीका कारण मौसमी तथा बेमौसममी तरकारीको खेति गर्नबाट सपना लगायत गाउँका मानिसहरू बञ्चित थिए र उनीहरूको जीविकोपार्जनको अवस्था पनि अत्यन्त न्यून रहेको थियो। यूरोपियन यूनियन र डिसिएको सहयोग तथा लिवर्डको प्राविधिक सहयोगमा सामाजिक सेवा केन्द्र (सोसेक) नेपालद्धारा संचालित उत्थान परियोजनाबाट कृषक समूह गठन भयो। समूहमा सहभागी भई सपनाले परियोजनाबाट आधुनिक कृषी प्रणाली बारे जानकारी तथा जलवायु परिवर्तन र अनुकुलन सम्बन्धी तालिम पनि प्राप्त गरिन्। जलवायमैत्री खेतिका लागि परियोजनाबाट सपनाले विउविजन देखि फलामे स्थायी टनेल सम्म पाएकी छिन्। साथै विभिन्न बालीहरूका लागि विउविजन र कृषि औजार पनि सपनालाई परियोजनाबाट प्राप्त भएको छ।

परियोजनाबाट गोठ सुधार भएसँगै उनले मुत्र संकलन गरी झोलमोल बनाएर प्राङ्गारिक तरकारी खेती पनि शुरु गरेकी छिन्।

परियोजनाबाट सिँचाइको लागि पोखरी निर्माणमा समेत सहयोग भए पछि अहिले सपनाले कम्पोष्ट मल बनाई खेति किसानी गर्दै आएकी छिन्। २ वटा प्लास्टिक टनेलमा तरकारी खेति गरीरहेकी सपनालाई परियोजनाले थोपा सिँचाई र गोडमेलका लागी विभिन्न कृषि तथा लैंगिकमैत्री






औजारहरू उपलब्ध भए सगै उनको समयको पनि बचत भएको छ, जसले गर्दा उनले आफ्नो घर परिवारमा पनि पर्याप्त मात्रामा समय दिन थालेकी छिन् । शुरुका बर्षमा अर्गानिक तरकारी उत्पादनमा जोड दिएकी सपनाले पछिल्ला २ बर्षमा अर्गानिक उत्पादन पर्यावरणसंग जोडर आफ्नो उत्पादन बढाईरहेकी छन । स्थानिय स्तरमै बनाईएको झोलमल, पूर्ण प्राङ्गारिक मलको प्रयोग गरेर तरकारी खेति निरन्तर गर्न प्रेरणा समेत प्राप्त गरेकी छिन् ।

सपनाको भोगाई जस्तै कुमालखाडा टोलको खेति प्रणाली फेरीएको छ। "गाँउमा पहिले जतातत्तै देखिने तमाखु आजभोली भेटाउन मुस्किल छ। परम्परागत रूपमा खेतिप्रणालि गर्दै आएकाहरू आधुनिक विधि अपनाएर कृषि खेती गरीरहेका छन। सपनाको जस्तै यहाँका सबै कृषकको अभ्यासले वातावरण संरक्षणमा फाईदा पुगेको सपना बताउ छिन् ।"




> "नगार्नु आमा बुवा मलाई विहेको कर
> छैन मलाई २० वर्ष नपुगी विहे गार्ने रहर"
>
> \- Quotes by Basanta Shrestha DED of SOSEC Nepal

# स्वास्थ्य सेवाप्रति सचेत हुदै राउटे समुदाय



कर्णालीमा फिरन्ते जीवनयापन गरिरहेका लोपोन्मुख राउटे समुदायका युवा ३० वर्षिय खगेन्द्र शाहीको काठ काट्ने क्रममा हातमा चोट लागेको थियो। काठका भाँडाकुडा बनाउने प्रयोजनका लागि काठ काट्ने क्रममा मुढाले च्यापिएर शाहीको हातमा चोट लागेको थियो। हातमा चोट लागेका शाही राउटे परियोजनामा कार्यरत स्वास्थ्य प्राविधिकको साथमा उपचार गर्न दैलेख अस्पताल आएका थिए।

राउटे समुदायमा एईआएन लक्जेम्वर्गको सहयोगमा सामाजिक सेवा केन्द्र (सोसेक) नेपालमार्फत राउटे परियोजना सञ्चालित छ। राउटे युवा शाहीले परियोजनामार्फत बस्तीमा खटिएकी स्वास्थ्यकर्मी अमृता रोकाय लगाएतका कर्मचारीलाई उपचारका लागि अस्पतालमा पुऱ्याईदिन आग्रह गरेका थिए। उनले आफुलाई उपचारका लागि अस्पताल लैजान गरेको आग्रहपछि सोसेक नेपालको अगुवाईमा बस्तीमा खटिएकी स्वास्थ्यकर्मी रोकायले राउटे युवा खगेन्द्रलाई दैलेख अस्पताल ल्याउनुभएको थियो।

दैलेख अस्पतालमा उहाँको हातको एक्सरे भयो। एक्सरे गर्दा हात भाँचिएको पाईएपछि उहाँको हातमा पलास्टर गरिएको थियो। अस्पतालमा उपचारका लागि लगिदिन आफैले आग्रह गरेर भाँचिएको हातमा सहजै पलास्टर गर्ने उनि समुदायका पहिलो व्यक्ति हुन्। भाँचिएको हातमा पलास्टर गरेर उहाँ बस्तीमै फर्किइसक्नुभएको छ। पलास्टर गरेको हात पहिलेको अवस्थामै फर्किने र पुनः काठ काट्ने र काठका भाँडाकुडा बनाउन सक्नेमा उहाँ विस्वस्त हुनुहुन्छ।

राउटे युवा खगेन्द्र मात्र नभई यो समुदायका अन्य नागरिकहरू अहिले स्वास्थ्यकर्मीबाट उपचार गर्न थालेका छन्। पहिले उनिहरू बिरामी भएमा, चोटपटक लागेमा वा शरीरमा घाउ भएमा जडिबुटीको प्रयोग गर्ने गर्थे। चोट लागे

खोटो टाँस्ने गर्थे, टाउको दुखे झारपात खान्थे, शरीरमा खरानी घस्थे । बिरामी परेमा स्वास्थ्योपचार भन्दा पनि उनीहरू धामी, झाँक्री बसालेर ग्रह काट्ने, भूतको भाग फाल्ने गर्थे । अहिले भने सामान्य बिरामी हुँदा समेत औषधी उपचारमा विश्वास गर्न थालेका छन् । उनीहरूले सानातिना घाउ-चोटपटक लाग्दा पनि औषधोपचार गर्ने र मल्हमपट्टी लगाउने गरेको छन् । गम्भिर बिरामी परेमा उनिहरू अस्पतालमै पुगेर औषधी उपचार गर्ने गरेका छन् ।

"भाँडाकुडा बनाउन काठ काट्न गएको थिएँ, त्यहि मुढाले च्यापिएको थियो, असाध्यै दुख्न थाल्यो र अस्पतालमा उपचारका लागि लगिदिन आग्रह गरेको हुँ, शाहीले भन्छन् ।"


# विहेवारी २० वर्षपारी

## नगरौं विहेको कुरा भएको छैन २० वर्ष पुरा

"नगार्नु आमा बुवा मलाई विहेको कर
छैन मलाई २० वर्ष नपुगी विहे गर्ने रहर"

- Quotes by Basanta Shrestha DED of SOSEC Nepal

# जलवायु मैत्री कृषिले ल्याएको परिवर्तन




सामान्य जग्गामा परमपरागत शैलीमा धान, गहुँ, मकै र मौसमी तरकारी खेति गर्दै जीविकोपार्जन गर्दै आएका दैलेख जिल्ला दुल्लु नगरपालिका वार्ड नं.२ का स्थायी बासिन्दा धरम बहादुर खड्काको अवस्था कमजोर हुंदै गएको थियो। सुख्खा, खडेरी लागेर भनेको समयमा पानी नपर्ने कहिले असिना परेर गहुँ, धान र तरकारी सबै नष्ट पार्ने, बालीलाई चाहिने प्रयाप्त मल नहुने, साथै विभिन्न बाली नासक रोग किराको आक्रमणले गर्दा बालिनाली तथा तरकारी उत्पादनमा कमि थियो। खेति किसानीबाट जीवन गुजारा नभएको कारण आफ्नो परिवार धान्न रोजगारीको लागि धरम भारत पलाएन भएका थिए।

युरोपियन यूनियन र डीसीएको सहयोग तथा लि-वर्डको प्राविधिक सहयोगमा सामाजिक सेवा केन्द्र (सोसेक) नेपालद्वारा संचालित उत्थान परियोजना बाट जन चेतना कृषि समूह गठनसंगै परियोजनाका विभिन्न क्रियकलापहरू संचालन भयो। त्यसपछि समूहमा उनि पनि आबद्ध भए। परियोजनाबाट आधुनिक कृषि प्रणालीबारे जानकारी तथा जलवायु परिवर्तन अनुकुलन कृषि सम्बन्धी अभिमुखीकरण दिईयो। जलवायु परिवर्तन अनुकुलन तथा वातावरण मैत्री कृषि खेति गर्नका लागि कृषि सामग्रीः प्लास्टिक घर, उन्नत जातको तरकारीहरूको बिउ, सरल थोपा सिंचाई, हजारी, स्प्रिन्क्लेर (फिरफिरे), छापो, जैविक बिषादी (झोलमल १,२,३) बनाउन, सामान साथै प्राविधिक सहयोग परियोजनाबाट गरिएको थियो।

संस्थागत सहयोग पछी उनले आधुनिक कृषि प्रबिधिको प्रयोग गरेर बन्दा, काउली, टमाटर, आलु, प्याज, लसुन संगसंगै अरू लहरे बालि लगायत अन्य तरकारीहरू लगाउने गरेका छन्। हावा, पानी, असिनाबाट बारीको तरकारी जोगाउनलाई प्लास्टिक घरको प्रयोग, रोग किरा नियन्त्रणको लागि जैविक

विषादीको प्रयोग, सिंचाई कम भएको ठाउमा थोपा सिंचाई प्रयोग गरिरहेका छन् । अहिले मौसम परिबर्तन भयपनी उनलाई मौसमसंग अनुकुलन हुने कृषि प्रविधिको प्रयोग गरिरहेका छन् । यता पौष्टिक दृष्टिकोणले हेर्दा आगार्निक तरकारीको प्रयोग र नजिकैको बजारमा लगेर बिक्रि गर्न पनि सहज भयको छ। अहिले उनले आफ्नो छोरी लाई कृषि प्राविधिक बिषय पढाई रहेका छन् ।

अहिले धरम भन्छन, "पहिला दुख गर्दा पनि दुखको फल मिल्थेन अहिले त म संग प्रबिधि, आधुनिक जलवायु मैत्री तथा अनुकुलन खेति किसानी संगै ज्ञान सिप पनि छ, त्यसैले अब मैले मज्जाले तरकारी उत्पादन गरेर बजार मा बेच्न पायको छु र आम्दानी पनि भएको छ।"



# स्मार्ट फोनले बदलिएको जीवन



गुराँस गाउपालिका वडा नं १ बेडुगाउँमा डिलकुमारी बस्छिन्। कक्षा ९ मा अध्ययनरत डिलकुमारी बालक्लवमा आवद्ध थिईन् र बालक्लवमा आवद्ध भएपछि अनलाईनमा हुने बैठक तथा तालिमहरूमा सहभागी हुनु पर्ने भयो। डिलकुमारीको घरमा स्मार्ट फोन थिएन। घरमा नेट चल्ने (स्मार्ट) फोन नभएपछि अर्को साथीको मोवाईलमा रिचार्ज गरेर बैठकमा सहभागी हुने गरिन्।

छोरीलाई नियमित बैठकका लागि अरूको फोन आवश्यक पर्ने देखेपछि उनका बुबा रविन्द्र पुन मगरले छोरीको लागि फोन किन्ने निर्णय गरे तर तरकारी खेतीबाट गरेको आम्दानीले दैनिक जिवन निर्वाह गर्दै आएको ७ जनाको परिवारलाई ३० र ४० हजारको फोन किन्न सम्भव पनि थिएन्।

डिलकुमारीको सक्रियता र लगनशिलता देखेपछि सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल अन्तर्गत सहयात्रा परियोजनाले, उनलाई बालविवाह विरुद्धको अभियान सञ्चालन गर्न मोबाइल ट्यावलेट उपलब्ध गरायो र मोवाईल चलाउने तालिम पनि उनले प्राप्त गरिन्। ट्याबलेट पाए पछि बैठक तथा तालिममा सहभागी हुन मात्रै सजिलो भएना कि ट्याबलेटले उनको जिवननै बदलिदियो।

कोभिड १९ को संक्रमणबाट सुरक्षित हुनका लागि त्यतिखेर लामो समय देखि विद्यालय बन्द गरिएका थिए। अधिकांश भाईबहिनीहरू फुर्सदको समयमा गाईगोठालो जाने र खेलेर समय विताउने गर्थे। त्यही समयमा डिलकुमारीले आफ्नो अध्ययनलाई निरन्तरता दिईन्। ट्याबलेटमा राष्ट्रिय अन्तर्राष्ट्रिय समाचारहरू हेर्थिन्। कोर्षका किताबहरू ट्यावलेटमा अध्ययन गर्थिन्। फोनमा जनचेतनामुलक भिडियोहरू थिए। उनले त्यो भिडियोहरू साथीहरूलाई देखाउदै बालविवाहबाट हुने शारीरिक तथा मानसिक असर र बालविवाह गरेमा भोग्नु पर्ने कानुनी सजायको बारेमा छलफल गर्थिन्। उनले देखाएको भिडियो र बैठकमा गरिएका छलफलले बालविवाह गर्नेको संख्यामा कमि आएको छ।
बालविवाह न्यूनिकरणका लागि उनले चलाएको छलफल बाट आज दर्जनौ बालविवाह गर्ने जोडि विवाह गर्नबाट रोकिएका छन्।

विद्यालय बन्द भएर घरमै बसेको बेला उनले रचनात्मक क्रियाकलापहरू (जस्तै : चित्र बनाउने, घरमा आचार संहिता बनाउने, शन्देशमुलक लेख, गित कविता) पनि लेख्ने गरिन् । उनले "शिक्षामा कोरोनाले पारेको प्रभाव" का विषयमा लेखेको लेख राष्ट्रिय स्तरको अनलाईन पत्रिका अनलाईन खबरमा प्रकाशित भएको थियो । उनी बालअभियान्ता पनि हुन । बालविवाह विरुद्ध उनले चलाएका अभियानले बालविवाह न्यूनिकरणमा सहयोग गरेको छ । बालविवाह नगर्न र नगराउन पालिकाले अभिभावकलाई पठाएको पत्र डिलकुमारीले घर घरमा पुऱ्याउन सहयोग गरिन् । उनले भनिन्, "म बालअभियान्ता भएकाले समाजको लागि यति धेरै काम गर्न सक्षम भएकी छु । पहिला आफ्नै अभिभावकको अगाडी बोल्न सक्दैन्थे । अहिले अभियान चलाउछु । म खुसी छु बालविवाह विरुद्ध मैले चलाएको अभियानबाट धेरै साथीहरूको जिन्दगी बदलिएको छ । गलत निर्णयहरू सच्याएका छन् ।"







"नगार्नु आमा बुवा मलाई विहेको कर
छैन मलाई २० वर्ष नपुगी विहे गर्ने रहर"

- Quotes by Basanta Shrestha DED of SOSEC Nepal

# प्रविधिको प्रयोगले तरकारी खेतीमा ल्याएको परिबर्तन

परम्परागत तरिकाले तरकारी खेति गर्दै आएकी दुल्लु नगरपालिका वार्ड नं २ कि बासिन्दा पार्वती खड्का अहिले ३५ वर्ष कि भइन उनको परिवारमा जम्मा ७ जनाको सदस्य छ। बिशेषगरी त कृषि नै मुख्य आम्दानीको श्रोत भएकाले पार्वतीले बढीजसो समय तरकारी बारीमा व्यस्त हुन्छिन। सुख्खा खडेरी, कहिले असिना पर्ने, नयाँ नयाँ प्रकारका रोग देखा पर्ने, साथै उनीमा प्रविधिको ज्ञान पनि नभएकाले तरकारी खेति गर्न निकै कठिन थियो। घर खर्च चलाउन उनको श्रीमान ज्याला मजदुरीको लागि प्राय जसो भारत जाने गर्दथे। सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल र उत्थान परियोजनाको सहजीकरण र सहयोगमा उनको टोलमा तरिया बेमौसमी तरकारी उत्पादन कृषि समूह गठन भयो। पार्वती खड्का पनि त्यसै समुहमा आबद्ध भईन्। त्यसपछि उनलाई मौसमी तथा बेमौसमी आधुनिक कृषि खेति प्रणाली बारे जानकारी साथै विभिन्न कृषि संगसंगै प्रबिधिको प्रयोग बारे पनि तालिम दिइयो। जसमा वातावरण तथा कृषि मैत्री खेतीका लागि स्थाई र अस्थाई प्लास्टिक घर, उन्नत जातको बिउ, भकारो सुधार, मल खाल्डो, महिलालाई कृषि खेति गर्न सहज होस् भनेर लैंगिकमैत्री खेति कृषि अपनाउनको लागि सरल थोपा, सिचाई पोखरी, दाँते, हजारी, इस्प्रिन्कल(फिरफिरे) आदि आधुनिक उपकरण उनीले प्राप्त गरिन्। यि सबै कामका अलवा रोगकिरा नियन्त्रण गर्नका लागि जैविक बिषादी (झोलमल १,२,३) बनाउने तालिम पनि उपलब्ध गर इएको थियो।

अहिले उनी जलबायु अनुकुलन तरकारी खेतीका लागि जैविक विषादी, प्लास्टिक घर, रोगकिरा नियन्त्रणका लागि जैविक बिधि जस्तै रातो कपडा, पहेलो पासो, प्रयोग गर्दै आइरहेकी छिन्। उत्पादन भएको बिषादी रहित तरकारी गाउँमै बिक्रि भैरहेको छ। तरकारी खेतिबाट आम्दानीमा बचत पनि हुने हुँदा समूहका अरू सदस्यहरू र अन्य समुदाय पनि उनको हालको अवस्था देखेर कृषि खेति तिर आकर्षित भएका छन्।

अहिले उनि भन्छिन, "जलवायु अनिकुलन कृषि खेतीले राम्रो उत्पादन तथा कमाई भएकोले मेरो श्रीमान भारत जान छोड्नु भयो अहिले त हामी संगै मिलेर तरकारी उत्पादन गरिरहेका छौ र स्थानीय बजारमा बेचेर आम्दानी पनि गरिरहेका छौं।"








# कौशिलाका रहरहरु

गुराँस गाउपालिका वडा नं ६ का ५६ वर्षिय आइते दमाईलाई पनि गरिवीले सुखसँग बाच्न दिएन । उनको लागि गरिवी काल बनेर आयो । उमेरले नेटो काटिसकेको बेला पनि उनले गरिवीका कारण सुखसँग बाच्न पाएनन् र अन्त्यमा आफ्नो हत्या आफै गर्न पुगे ।

आइते दमाईको जग्गा १ रोपनी मात्रै थियो । एक रोपनी पाखो जग्गाले बर्ष भरी खान पुग्दैन्थ्यो । ६ महिना भारत र ६ महिना गाउमै ज्याला मजदुरी काम गरेर घर व्यवहार चलाउदै आएका आइते लौरीको सहरामा हिडडुल गर्ने भएपछि ज्याला मजदुरी गर्न सकेनन् । साना बालबच्चाको खर्च र दैनिक जिवन निर्वाह गर्नका लागि ऋण गरेर गुजारा चलाउदै आए । त्यतिले मात्रै पुगेन । बृद्ध उमेर, घर व्यवहार चलाउन मुश्किल भयो । त्यपछि उनले सदाको लागि विदा हुने निर्णय लिए । घरको ऋणबाट आफुले त मुक्ति पाए तर घरपरिवारले मुक्ति पाउन सकेन् ।

बाबुको मृत्यु पछि कौशिलाको परिवारलाई घर व्यवहार चलाउन कठिन भयो । आमा, दाई, दिदी र भाई सहित उनको चार जनाको परिवार थियो । बाबु हुदाँ लागेको ऋण तिर्न भारत गएका दाई फर्केर आएनन् । दिदिले विहे गरिन् । आमा

दिर्घ रोगी। आर्थिक समस्याले गर्दा उनी विद्यालय कहिले जाने कहिले नजाने गर्थिन। आमाले पाउने एकल महिला भत्ताबाट विद्यालय पोषाक किने पछि घरमा खाने हुदैन्थ्यो। घरमा खानाको जोहो गरे विद्यालयमा पोषाक र कापि कलम किन्न समस्या हुन्थ्यो। अर्कोतिर आमा दिर्घरोगी। आमाले पाउने एकल भत्ता आमाको उपचारमै खर्च हुने भए पछि विद्यालय जान समस्या भयो।

गरिवीले थला परेको परिवारमा एक पछि अर्को समस्या थपिदै थिए। १२ बर्षिय कौशिला विद्यालय छोडेर गाई गोठालो जाने तयारीमा थिईन्। उनका अरू विकल्प थिएनन्।

वडा बालअधिकार समितिले जोखिममा रहेका बालबालिकाको तथ्यांक संकलन गर्ने क्रममा कौशिला वि.क. र ९ बर्षिय उनका भाई डम्बर बि.क. पनि जोखिममा रहेका बालबालिकाको सूचिमा सूचिकृत भए। वडा बालअधिकार समितिले केस फलोअपका लागि पारासामाजिक कार्यकर्तालाई केश हस्तान्तरण गऱ्यो। पारा सामाजिक कार्यकर्ताले स्याहार योजना निर्माण गरी उनीहरूका आवश्यकताहरूको पहिचान गरे। आवश्यकताको पहिचान गरिसकेपछि कौशिला वि.कलाई वडा बालअधिकार समितिको सहयोगमा निरन्तर छात्रवृत्ति उपलब्ध गरियो। छात्रवृत्ति प्राप्त गरेपछि उनले विद्यालयलाई निरन्तरता दिईन्।

अहिले कक्षा सातमा अध्ययनरत कौशिलालाले ५ कक्षा प्रथम श्रेणीमा उर्तिण गरेकी थिईन्। कौशिलालाई सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल र गाउपालिकाले संयुक्त रूपमा २५ हजार दिर्घकालिन सहयोग गरेको छ। उक्त रकम सहकारीमा उनकै नाममा जम्मा गरिएको छ भने सहकारीले ६ महिनामा ब्याज उपलब्ध गराउदै आएको छ।

छात्रवृत्ति प्राप्त गरेपछि कौशिलाका रहर र चाहनाहरू बढदै गएका छन्। उच्च शिक्षा अध्ययन गरेर मात्रै विवाह गर्ने उनको सोचाई छ।

उनले भनिन्, "अब मलाई विद्यालयमा पढन् समस्या छैन्। सहकारीमा जम्मा गरिएको पैसाले २० वर्ष सम्म नियमित ब्याज आउछ। त्यही ब्याजबाट कापि कलम किनेर उच्च शिक्षा सम्म अध्ययन गर्छु।"

## नगरौं विहेको कुरा भएको छैन २० वर्ष पुरा



# सुध्रियो अवस्था

दुल्लु नगरपालिका - ४ भण्डारीटोलकी, ४२ बर्षीय लक्ष्मी भण्डारीको ५ जनाको परिवार रहेको छ। परिवारको आवश्यकता पुरा गर्न लक्ष्मीको श्रीमान रोजगारीको लागि भारत जानुपर्ने बाध्यता थियो । प्रशस्त जग्गा जमिन भए तापनि सुख्खा, खडेरी, परम्परागत खेति कृषि प्रणाली र तरकारी तथा बाली नाशक बिभिन्न रोग किराले गर्दा तरकारी खेतीको उत्पादनमा कमी आएको थियो ।

युरोपियन युनियन र डिसिएको सहयोग तथा लि-वर्डको प्राविधिक सहयोगमा सामाजिक सेवा केन्द्र (सोसेक) नेपालद्वारा सञ्चालित उत्थान परियोजनाबाट भण्डारीटोलमा बहुउद्देशिय कृषक समूह गठन भयो । समूहमा आबद्ध भएर लक्ष्मीले परियोजनाबाट आधुनिक कृषि प्रणालीबारे जानकारी तथा तालिम प्राप्त गरेसंगै खेति किसानी गर्न स्थायी र अस्थायी पोली हाउस, उन्नत जातका बीऊ, भकारो सुधार, जलवायु तथा लैगिकमैत्री औजार अन्तर्गत सरल थोपा, सिचाई पोखरी आदि विभिन्न आधुनिक उपकरण र प्रविधि प्राप्त गरिन् । त्यसका अलवा बालीनाली तथा तरकारी खेतिको पोषण व्यवस्थापन र रोगकिरा नियन्त्रणका लागी जैविक विषादी (झोलमोल १, २, ३) बनाउने विधिको ज्ञान पनि प्राप्त गरिन् ।

संस्थागत सहयोग प्राप्त पछि अहिले लक्ष्मी भण्डारी जलवायुजन्य प्रकोपहरुबाट बच्न अनुकुलनका उपायहरु अवलम्बन गर्दै जलवायुमैत्री प्रविधिहरुको प्रयोग गरी तरकारी तथा अन्नबालीहरुको खेति गर्दै आईरहेकी छिन् । उत्पादन गरिएको तरकारी नजिकैको दुल्लु बजारमा लागि बिक्री वितरण पनि गर्ने गरेकी छिन्, जसबाट उनले घर खर्च तथा छोराछोरीको पढाई खर्च सजिलै चलाईरहेकी छिन् ।

लक्ष्मी भन्छिन्, “बिना तरकारी दालसंग मात्र खाना खानु पर्ने बाध्यता थियो तर प्लास्टिक घर भित्र तरकारी खेति गरेर अहिले मेरो परिवारले बाह्रै मासे ताजा तरकारी खान पाएका छौ ।”

# नाती पढाउने जीतबहादुरको सपना

गुराँस गाउँपालिका वडा नं ३ पुनाकोटका कसम बुढा वर्ष २ नपुग्दै उनका बुबाले दोस्रो विहे गरे। जिन्दगी भरी सँगै जिउने र सँगै मर्ने कसम खाएर एक भएका श्रीमानले जिन्दगीको आधा बाटोमै अलपत्र पारेपछि कसमकी आमा पवित्रा छोरासहित माइती घरमा वस्न थालिन। माइती घरको वसाई उनका लागि त्यति सहज थिएन्। मुश्किलले १ वर्ष माइति घरमा विताएकी पवित्राले दोस्रो विहे गरेर आफ्नो छोरा देखि टाढा भईन्। त्यसपछि कसमलाई हुर्काउने र पढाउने जिम्मेवारी उनका मामा घरका हजुर बुबाको काधमा थपियो।

सानै उमेर देखि आमा बाबुको माया ममता र स्नेहको अभावमा हुर्किएका कसमको व्यवहार सामान्य बालबालिकाको भन्दा फरक थियो। उनी विद्यालय जान मन पराउदैन्थे। कसैले केही भनेपछि झर्किएर बोल्ने गर्थे। उनको घमण्डी तथा जिद्धि स्वभाव थियो। कसम वर्ष ४ को भएपछि उनका हजुरबुबाले गणेश बालविकास केन्द्रमा भर्ना गरिदिएका थिए। उनलाई विद्यालयमा भर्ना गरेपनि नियमित विद्यालय नजाने, गए पनि कक्षा विचमै छोडेर आउने गर्थे। शैक्षिक सामाग्री र विद्यालय पोषकको अभावमा विद्यालय नियमित नजाने गरेका कसमलाई बालीवकास केन्द्रको अध्ययन पुरा गर्न २ वर्ष समय लाग्यो। उनलाई शैक्षिक सामाग्री र विद्यालय पोषाकको मात्रै अभाव नभएर पारीवारिक माया ममताको पनि अभाव थियो।

बृद्ध उमेरमा दैनिक जिवन निर्वाहकै लागि संघर्ष गरिरहेको परिवारलाई नाती पढाउनु रहर नभएर बाध्यता भयो। यस्तै बाध्यताहरूको विचमा पनि बाजे जितबहादुरले नातीको लागि सुनौलो संसार देखेका थिए। गुराँस गाउँपालिका वडा नं ३ को वडा बालअधिकार समितिले जोखिममा रहेका बालबालिकाको तथ्यांक संकलन गर्ने क्रममा कसम पनि सूचिकृत भए। सेभ द चिल्ड्रेन र सोसेक नेपालको साझेदारीमा संचालित सहयात्रा दोस्रो परियोजनाको सहयोगमा वडा बालअधिकार समितिले कसमलाई शैक्षिक छात्रवृत्ति लगाएत विद्यालयको पोषाक उपलब्ध गरायो। शैक्षिक छात्रवृत्ति प्राप्त गरेपछि कसम विद्यालय नियमित जान शुरु गरे।



कसम विद्यालय मात्रै गएनन् उनको अध्ययनमा पनि सुधार हुदै गयो। गत शैक्षिक सत्रको वार्षिक परिक्षामा विशिष्ट अंकमा कक्षा दुई उर्तिण गरी ३ मा भर्ना भए। कसम विद्यालयमा नियमित मात्रै नभएर उत्कृष्ट छात्र भएको विद्यालयका प्रधानध्यापक राजकुमारी शाहीले भनिन। कसमको जिवनमा आएको परिवर्तन देख्दा प्रधानध्यापक शाही भन्छिन्: हरेक बालबालिका भित्र बेग्ला बेग्लै क्षमता हुन्छ। उनीहरूका तत्कालिन अभावहरूलाई पुरा गर्दै उचित माया ममता दिन सके राम्रो विद्यार्थी बनाउन सकिने शाहीको बुझाई छ।''

पहिला विद्यालय जान नमान्ने कसम अहिले नियमित विद्यालय गएको देख्दा उनका हजुरबुबा जितबहादुर खुसी छन्। उनी भन्छन्, ''पहिला विद्यालय जान मान्दैन्थ्यो अहिले घर बस्न मान्दैन।''






# बिनिताको पहिलो आम्दानी

ठाटीकाँध गाउँपालिका वडा नं. ६ रोकायाटोल की २५ वर्षिय बिनिता कुमारी थापाको ८ जनाको परिवारको आवश्यकता पूरा गर्न उनको परिवारले परम्परागत खेतिलाई जीविकोपार्जनको प्रमूख पेशाको रूपमा मान्दै आएको थिइन् । यस बाहेक बिनिताको श्रमिान रोजगारीको सिलशिलामा छिमेकी देश भारत जाने गर्थे जसले गर्दा परिवारको खर्च जेनतेन रूपमा चलिरहेको थियो । गरिएको खेतिबाट उत्पादन कम हुने भएकोले उनि बैकल्पीक उपायको खोजिमा रहेकी थिइन् ।

एइआइएन लक्जेम्बर्ग र ठाटीकाँध गाउँपालिकासंगको साझेदारीमा सामाजिक सेवा केन्द्र (सोसेक) नेपालद्धारा सञ्चालित सहकार्य परियोजनाका क्रियाकलापहरू सञ्चालन भए पश्चात तरकारी खेति, एकिकृत शत्रुजिव व्यवस्थापन तालिम, गोलभेडा खेतिको लागि प्लाष्टिक टनेल र थोपा सिंचाई तथा प्राविधिक सहयोगमा तरकारी खति शुरु गरिन् ।

तरकारी खेति गर्ने क्रममा पहिलो पटक बेमौसमी तरकारीको रूपमा जुकेनी फर्सी, काक्रा खेति गरी बैशाख जेष्ठको महिनामा उत्पादन गरी छोटो समयमा नै जिवनमा पहिलो पटक ६००० रूपैया कमाइन् । तरकारी खेतिबाट राम्रो आम्दानी हुने देखेपछि उनका परिवारका सदस्य समेत उनको काममा सघाउदै आएका छन् ।

बिनिताको तरकारी खेति देखेर समुदायका अन्य सदस्यहरू समेत तरकारी खेति तर्फ लागेका छन् । “कहिलेकाँही नुन खुर्सानी पिसेर तरकारीको रूपमा खानु पर्ने वाध्यता रहेको थियो भने अहिले बेमौसममा फर्सी काक्रा उत्पादन भइरहेको छ, भने तरकारी खेतिलाई व्यवसायिक रूपमा अगाडी बढाउदै आम्दानीको स्रोत बनाउने र श्रीमानलाई कामका लागि भारत नपठाउने योजना रहेको बिनिता बताउछिन् ।”





# गाजलेको कृषि पेसाको उपलब्धी

ठाटीकाँध गाउँपालिका वडा नं. ६ गुयालसि दैलेखमा ६ जनाको परिवारमा बस्दै आएका गाजले बुढा परम्परागत खेति गर्दै आइरहेका थिए। परम्परागत खेतिले उनको परिवारको छाक टार्न गाह्रो थियो। परिवार पाल्नका लागि उनले गाउँबाट ऋण निकालेर पानी मिल सञ्चालन गरेका थिए। सो कार्यबाट समेत दैनिक गुजारा हुन मुस्किल थियो।

एइआईएन लक्जेम्बर्गको आर्थिक सहयोग, ठाटीकाँध गाउँपालिकाको साझेदारीमा सामाजिक सेवा केन्द्र नेपालद्धारा सञ्चालित सहकार्य परियोजनाबाट समूह गठन तथा परिचालन, प्राविधिक तथा सामाग्री र बिउ सहयोग प्राप्त गरे पश्चात मौसमी तथा बमौसमी तरकारी खेति, बाख्रा पालन तथा घाँस नर्सरीको शुरुवात गरी राम्रो आम्दानी गर्न थालेका छन्।

बाख्रा पालन तरकारी खेति घाँस नर्सरी समेत ठाटीकाँध ६ गुयालसिममा स्थापना गरी बाख्रा बिक्रिबाट रु. ३५,०००। आम्दानी गरेका छन्। भने सोसेकबाट विउ सहयोग पाए पश्चात पहिलो पटकमा काक्रा बेचेर रु. १२,००० गोलभेडा बाट रु.७,००० फर्सि, काउली र बन्दा बाट रु.२०,००० गरी जम्मा ३९,००० कमाएको छन्। बिकट ग्रामिण क्षेत्रमा कृषि तथा पशुपालन कार्य गरेबापत पहिलो पटक जिल्ला पशु सेवा कार्यालय दैलेखबाट पुरस्कृत भएको र रेडियो कार्यक्रम परिवर्तनमा अन्तरबार्ता दिन पाएकोमा खुसी छन्।

"व्यवसायिक रूपमा तरकारी खेति तथा बाख्रा पालनको कमाईबाट छोरालाई काठमाडौंमा पढ्न पठाएको र भविष्यमा कृषि पेसालाई निरन्तरता दिई ठुलो व्यवसायि बन्ने सोच रहेको गाजले बताउछन्।"

# तरकारी खेतिबाट मिल्यो प्रेरणा

भण्डारी टोल समुदायको राजाराम भण्डारी आफ्नो ७ जना परिवार सहित दुल्लु नगरपालिका स्थित वार्ड नं. ४ भण्डारीटोलका स्थायी बासिन्दा हुन्। सुख्खा खडेरी, सिचाईको अभाव र परम्परागत कृषिबाट मौसमी तरकारी र बालीनाली उत्पादन गरी केबल ६ महिना मात्र प्रयाप्त खान पुग्थ्यो। बाँकी महिना खान र घर खर्च तथा जीवन चलाउन राजारामलाई चुनौतीपूर्ण थियो।

युरोपियन युनियन र डिसिएको सहयोग तथा लि-वर्डका प्राविधिक सहयोगमा सामाजिक सेवा केन्द्र (सोसेक) नेपालद्वारा सञ्चालित उत्थान परियोजनाबाट भण्डारीटोलमा बहुउद्देशीय कृषक समूह गठन भयो समूहमा आवद्ध भएर राजा रामले परियोजना बाट आधुनिक कृषि प्रणाली बारे खेति किसानी गर्न स्थायी र अस्थायी पोली हाउस, उन्नत जातका बीउ, जलवायु तथा लैंगिकमैत्री औजार अन्तर्गत सरल थोपा, सिचाई पोखरी आदि विभिन्न आधुनिक उपकरण र प्रविधि सहयोग प्राप्त गरे त्यसका अलावा बाली नाली तथा तरकारी खेतिको पोषण व्यवस्थान र रोगकिरा नियन्त्रणका लागि जैविक विषादी (झोलमल १, २, ३) बनाउने विधि सिकी र त्यसको उपयोग समेत गरे।

तरकारी खेतिबाट राम्रो उत्पादन भएपछी, राजाराम भण्डारीलाई घर खर्च चलाउन निकै सजिलो भएको छ। उनको परिवारले प्रशस्त मात्रमा बेमौसमी तथा मौसमी तरकारी उत्पादन गरी तरकारीको उपभोग साथै विक्री वितरण समेत गर्ने गरेका छन्। तरकारी खेतिबाट राम्रो आम्दानी हुने भएकोले राजारामले तरकारी खेति निरन्तर गर्ने र बिस्तारै तरकारी खेतिलाई व्यवसायीकरण गर्ने भावी योजना बनाएका छन्।

तरकारी खेति बाट परिवार को बिचल्ली हुन बाट रोकिए पछी राजाराम भण्डारी भन्छन्, "कमाईको लागि भारत जाने योजना बनाएको थिए तर उत्थान परियोजना मार्फत जलवायु अनुकुलन आधुनिक खेती गर्न तालिम तथा सहयोग प्राप्त भएपछी विदेश नगएर आफ्नै मातृभुमीमा तरकारी उत्पादन गरी व्यवसायिक खेति गर्न प्रेरण मिलेको छ।''







# आहत पछिको राहत

नारायण न.पा. ७ विजोरा, दैलेखकी ३९ वर्षिय सुस्मिता जैसीले १८ वर्षकै उमेरमा भागी विवाह गरेकी थिइन् । विगतको समयमा भारतमा काम गरी आफ्नो परिवारलाई राम्रै संग पाल्दै आएका उनका श्रीमान् पछिल्लो समय जांडको लतमा लागेर अफ्नो श्रीमति र छोराछोरीलाई कुटपिट गर्ने, घरमा वस्न नदिने जस्ता क्रियाकलाप गर्दा पुलिसले ३ दिन हिरासतमा राखे पछी सोसेक नेपाल द्वारा संचालित महिला तथा वालवालिका केन्द्र १०९८ मा पुनरमिलनका लागि रिफर गर्‍यो ।

उक्त घटनामा सामाजिक सेवा केन्द्रद्धारा संचालित महिला तथा वालवालिका केन्द्रले वावुको कुटाइबाट हात भाचिएको उनको छोरालाई अल्पकालिन आश्रय सेन्टरमा राखि निशुल्क हातको उपचार गरायो र सुस्मिता र उनको श्रीमान्लाई संयुक्त राखी उनलाई र उनको श्रीमान्लाई विभिन्न परामर्श गरी आउने दिनमा यस्ता गलत क्रियाकलाप नगर्न र मिलेर बस्न सुझाब दिदै दुबै पक्षलाई सहमतिका साथ परिवारको मिलन गरायो । तत् पश्चात १ हप्ता नपुग्दै सुस्मिताको श्रीमान् वेपत्ता भए

र कोरोनाको महामारीले गर्दा काम पाउने वातावरण सम्म नभए पछि सुस्मितालाई छोरा छोरीको खानाको जोहो गर्न समेत कठिनाई भयो र पुन सामाजिक सेवा केन्द्र (सोसेक) नेपालको सहजीकरणमा संचालित महिला तथा वालवालिका केन्द्रमा सहयोगको अनुरोध गर्न आईन् । महिला तथा वाल वालिका केन्द्रले उनलाई अति आवश्यक खाद्यान्न पनि सहयोग गऱ्यो र अहिले विभिन्न ज्यमी कामहरू गर्दै खुसी साथ आफ्ना वालवालिकालाई पालन पोषण मात्र नभई विद्यालयमा भर्ना गरी राम्रो शिक्षाको प्रबन्ध पनि मिलाइरहेकी छिन् ।

यसरी संस्थाले विभिन्न परिस्थिति र समस्यामा उनको सारथी बनेकोमा उनी भन्छिन्, "सामाजिक सेवा केन्द्र द्वारा संचालित महिला तथा वालवालिका केन्द्र मेरो, मेरा छोराछोरीको मात्र नभई म जस्ता लाखौ गरिव, दुखि, पीडितहरूको सहयोगी भएको बताउंछिन् ।"











# यस्तो पो समय व्यवस्थापन

ठाटीकाँध गाउँपालिका वडा नं. २ सेरीपाटाकी २४ वर्षिय सिता शाही ४ जनाको परिवारको आवश्यकता पुरा गर्न कृषि खेति र उनका श्रीमान् ज्याला मजदुरी तथा भारत जाने गर्दछन्। सिता आफ्नो बालबालिकालाई आफ्नो नजिकको विद्यालयमा पढाउछिन्। विद्यालय घरबाट करीब १०० मिटरको दुरीमा छ। हालसम्म आफ्नो बालबालिकाको पठनपाठनको अवस्था बुझ्न कहिल्यै पनि विद्यालय सम्म गएकी छैनन्।

मिति २०७८।१२।२३ गते एइआईएन लक्जेम्बर्ग तथा ठाटीकाँध गाउँपालिकाको साझेदारी सामाजिक सेवा केन्द्रद्धारा सञ्चालित सहकार्य परियोजनाद्धारा सकारात्मक अभिभावकत्व तालिम भयो। उक्त तालिममा उनि पनि सहभागि भइन तालिममा सहभागि भए पश्चात बालबालिकाको लागि घरमा समय तालिका तथा कार्य योजना निर्माण गरी पढाइ कार्यमा सहयोग तथा सरसफाईमा ध्यान दिन र महिनामा एक पटक विद्यालयमा गएर पढाइको बारेमा बुझ्न थालेकी छिन्।

"तालिमले आफ्नो व्यबहार परिवर्तन भई बालबालिकाको पढाइ सुध्रिएकोमा उनि खुसी मात्रै छैनन् समुदायका अरू सदस्यहरूलाई समेत अभिभावक शिक्षा तथा सकारात्मक अभिभावकत्व तालिम आवश्यक रहेको समेत अपेक्षा गरेको छिन्।"







# फेरिएकी स्मृती

कक्षा ९ मा अध्ययनरत स्मृती कक्षामा सबै भन्दा कान्छी भएकाले विद्यालयमा सञ्चालन गरिने अतिरिक्त क्रियाकलापहरूमा प्राय सहभागी हुनेगर्दिन थिइन। उनका साथीहरू उनी भन्दा उमेरले ठुला थिए। उनलाई पनि रहर लाग्थ्यो साथीहरूसँग खेल्न। आफ्नो उमेर समूहका दौतरी थिएनन्। भलिबल खेल्न, लेख्न र गित गाउंमा विशेष रुचि भएकी स्मृती कलिलो उमेर भएकै कारण न बालक्लवमा बस्ने गर्थिन नत उनी विद्यालयले आयोजना गरिने अतिरिक्त क्रियाकलापमा सहभागी हुन्थिन।

नेपाल राष्टिय आधारभूत विद्यालय घोडाबासको सुनगाभा बालक्लव सामाजिक सेवा केन्द्र (सोसेक) नेपाल र सेभ द चिल्ड्रेनको साझेदारीमा सञ्चालित सहयात्रा दोस्रो परियोजना द्वारा पुनः गठन गर्दा सबै साथीहरूको आग्रहमा उनी बालक्वको अध्यक्षमा छनौट भईन्। सुनगाभा बालक्लवमा काम गर्दै गर्दा माथिल्लो तहको कक्षा अध्ययन गर्न उनी लक्ष्मी माध्यामिक विद्यालय रतिखोला जानु पर्ने भयो। लक्ष्मी माध्यामिक विद्यालयले आयोजना गर्ने अतिरिक्त क्रियाकलापहरूमा उनी सहभागी हुदै गईन्।

उनी बालक्लवको अध्यक्ष हुदाँ बालक्लवको नियमित बैठक बस्ने, बार्षिक कार्ययोजना तयार गरी कार्यान्वयन गर्ने अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्ने गरियो। उनले आफ्नो विद्यालयमा मात्रै नभएर वडा र पालिकास्तरमा सञ्चालन गरिने कार्यक्रममा पनि सहभागीता जनाउने गर्थिन। विद्यालय व्यवस्थापन समितिमा उनको प्रतिनिधित्व थियो। बाल क्लवबाट विद्यालय व्यवस्थापन समितिको बैठकमा सहभागी हुदाँ उनले राखेका समस्याहरू बिद्यालयको रेलीङ, खेलमैदान, शौचालय, खेल सामग्री आदी निर्माण गरिए। उनी पालिकास्तरीय स्थानीय बालअधिकार समितिको सदस्य पनि हुन।

स्मृती बिद्यालय, वडा र पालिका तहमा मात्रै नभइ राष्ट्रीय स्तरका बालबालिकाहरूको कार्यक्रममा पनी सहभागी हुनेगरेकी छन्। कोरोना भाइरसले गर्दा भएको लकडाउनमा "रेड अलर्ट कलाइमेट आर्टीभिजम" सम्बन्धी देशव्यापीरूपमा १२ बर्ष भन्दा मुनीका बालबालिकाहरूको प्रतीभा प्रस्फुटन गर्ने कार्यक्रममा स्मृतिले दोस्रो स्थान प्राप्त गरेकि थिईन्।
हाल स्मृती वडा बाल संजालको सदस्य छन् र उनि वडा तहमा बालबालिकाका सवालहरूमा कामगर्ने गरी सञ्जालमा आबद्ध छन्। स्मृतिको पहलमा वडाले गत वर्ष बालबालिकाको लागि १ लाख बजेट विनियोजन गरेको थियो। समाजमा बालबालिकाले बालविवाह, बालश्रम, छाउपडी लगाएतका समस्या भोगिरहेको देखेकी स्मृतिले यस्ता अभियानहरू सञ्चालन गर्ने सोच भएको बताईन।

बाल क्लवमा बालबालिकाको सहभागीताले उनीहरूको अध्ययन र व्यवहारमा कुनै समस्या नहुने नेपाल राष्ट्रिय आधारभुत विद्यालयका प्रधानध्यापक छवी वलीले बताए। उनले भने, "बाल अधिकारको प्रबर्द्धन गर्नका लागी बाल क्लव एक महत्वपूर्ण संगठन हो।"

# विहेवारी २० वर्षपारी

# सानो सहयोगले फेरिएको सार्कीको जीवन



उज्ज्वल सार्की (भैरबी गा पा-१, रावतकोट) बृद्ध बुबा-आमा संग बस्दै आउनु भएको छ। उनि सानै हुँदा आमको मृत्यु भएपछि बुबाले अर्को बिबाह गर्नु भयो र सानो छोरो छोडेर बुबा आमा भारत जानुभयो। येही कारण उज्जवल ५ वर्ष देखिनै अर्काको घरमा बस्दै आएका छन्। बुबा आमा भारत गएपछि, उनका भाउजु पर्नेले उनका सबै जग्गा जमिन बेचिदिए। पछि फर्केर आउदा यस विषयमा मुद्दा चल्यो र मुद्दा जिते, तर पनि जग्गा पास भने हुन सकेन।

जीवन गुजारा गर्न उनि पाल मुनि बस्दै आएका छन् त्यस माथि पनि च्यातिएको पालमा। खान, बस्न र स्कुल जान धेरै समस्या थियो। येही कुरा उनले २०७९ साल बैशाख २७ गते सोसेक नेपाल मा समस्या राखे र उनको मौखिक विवरण अनुसार संस्थाले त्यस ठाउँको अबलोकन गर्यो। अवलोकनको क्रमम्म उनि खुल्ला आकास मुनि च्यातिएको पाल मुनि बसेको सत्य साबित भयो।


annapurnapost.com

अन्नपूर्ण पोस्ट

अन्नपूर्ण खोज

अदालतले न्याय दियो, समाजले दिएन

तत्पश्चात संस्थाले उनलाई खाद्यान्न सहयोग गर्यो र उनले तत्काल लाइ राहत पाएको अनुभूति गरे। यसै क्रमम्म अन्नपुर्ण पोस्ट रास्ट्रीय दैनिकका सम्बाददाताले यो कुराको जानकार पाई, स्थलगत अबलोकन गरि उक्त पत्रिका र स्थानीय पत्रिका, ज्वाला सन्देशमा यो खबर छापियो र सबै सामु कुरा पुग्यो।

येही खबर ले नै उज्जवल सार्कीको घर बन्ने पक्का भयो। गाउँपालिको आर्थिक सहयोग र पंचाकोशी बिध्यलायाका पूर्व बिध्यर्थिले आर्थिक संकलन गरि घर निर्माण मा सहयोग गरि घर बनेको छ। यसरि संस्थाको सानो समन्वय, सहजीकरण र समाचार सम्प्रेसनले गर्दा आज उज्जवल सार्कीको बाच्न पाउने, सुरक्षित् बस्न पाउने अधिकार प्राप्त गर्न सफल भएका छन्।



# कृषि सिपले उत्पादकत्वमा वृद्धि

जनचेतना कृषि समुह दुल्लु नगरपालिका वडा नं. १ दैलेखका कृषकहरूलाई समेटेर सोसेक नेपाल द्वारा संचालित साकारा परियोजनाले निर्माण गरेको समुह हो। पहिले यहाका कृषकहरूले खेतमा जलवायुमैत्री कृषि प्रविधिको ज्ञान नहुदा रासायनिक मलको प्रयोग गरी कृषि खेति गरिरहेका थिए। जसको कारण उनीहरूको उत्पादनमा मात्र होइन, उनीहरूको माटोको उर्वरा शक्तिमा पनि कमी आएको थियो।

साकार परियोजनाले जव यस क्षेत्र तरकारीको लागी पकट क्षेत्र हुन सक्ने सम्भावना देख्यो। परियोजनाले त्यहाका स्थानिय कृषकहरूलाई संगठित गर्दै जनचेतना कृषि समुह गठन गरी विभिन्न आधुनिक जलवायुमैत्री कृषि प्रविधिहरूको तालिम, कम्पोष्ट मल निर्माण तथा यसको प्रयोग गर्ने तरिका, उन्नत जातका विउविजन र जलवायुमैत्री कृषि औजारहरू सहयोग गऱ्यो। अहिले त्यस समुहका कृषकहरूले आधुनिक जलवायुमैत्री कृषि प्रविधिको प्रयोग गरी तरकारी खेति गर्न थालेका छन्। यति मात्र नभएर्रै रासायनिक मलको प्रयोग गर्न छाडि खेत वारीमा कम्पोष्ट मल प्रयोग गर्दै आएका छन्। जसले गर्दा उनीहरूको उत्पादनमा वृद्दिका साथसाथै माटोको उर्वरा शक्तिमा पनि विकास हुन पुगेको छ।

यस समुहका अध्यक्ष धर्म खड्कासंग साकार परियोजना मार्फत तपाईमा आएको मुख्य परिवर्तन के हो ? भनी प्रश्न गर्दा उनी भन्छन्, "पहिले हामीलाई रासायनिक मल प्रयोग गर्दा मात्र उत्पादन राम्रो हुन्छ भन्ने थियो तर वास्तवमा क्षणिक उत्पादन राम्रो देखियतापनि कालान्तरमा रसायनको प्रयोगले माटोको उर्वरा शक्तिमा कमी ल्याउने रहेछ भन्ने तव थाहा भयो जव साकार परियोजनाले हामीलाई कृषि सम्बन्धि तालिम प्रदान गऱ्यो। त्यसैले अहिले हामीले निरन्तरक हरेक खेतिमा कम्पोष्ट मलकै प्रयोग गर्दै आएका छौ र राम्रो उत्पादन पनि लिन सकेका छौ।"

# जाँगरले बदलिएका यूवा

भैरवी गाउँपालिका वडा न. १ बाजथला टोलमा वस्ने वर्ष २९ को दिपु खत्रीको घरमा ४ जनाको परिवार रहेको छ। दिपुले उच्च शिक्षा हांसिल गरेपनी बेरोजगार भएका कारण घरमा मौषमी तरकारी खेती र अन्नबाली लगाएर आफ्ना दिनचर्या बिताइरहेका थिए।

एइआइएन लक्जेम्बर्ग र सोसेक नेपालको साझेदारी तथा भैरवी गाउंपालिकाको समन्वयमा संचालित आधार परियोजना अन्तर्गत भैरवी गाउँपालिका वडा न. १ मा युवाहरूको मागको आधारमा २०७५ सालमा गुँरास युवा क्लव गठन भएपछी दिपु क्लववको सचिव भइन। उनी क्लवको मासीक वैठकमा सहजिकरण गरी युवा सवाल, तरकारी खेती, बाल विवाह बहु विवाह र मर्यादित महिनावारी जस्ता विषयमा छलफलमा सहभागी हुनेगर्छिन। उनले परियोजनाको सहयोगमा कृषक पाठशालामा तरकारी खेती सम्बन्धी ज्ञान, तरकारीको विउ, गुम्बज १ वटा, विउँपुजीकोष रकम रु १५००० बाखपालन व्यवसायको लागि सहयोग लिएकी छिन्। परि योजनाले उनलाई सामाग्री सहयोग सँगसँगै प्राविधिक सहयोग प्रदान गरिरहेको छ।

संस्थाबाट गरिएको सहयोग पछि २ रोपनी क्षेत्रफल जग्गामा मौषमी तथा बेमौषमी तरकारी खेतीं शुरु गरेकीछिन् जसमा टमाटर, काक्रा, फर्सी, काउली, बन्दा, सीमी जस्ता तरकारी खेती गरी वार्षीक रु १ लाख ५० हजार रूपैयांसम्म आम्दानी गर्न थालेकी छिन् । विउँपुँजीकोष रकमबाट बाख्रापालन व्यवसाय संचालन गरी खशी वेचेर २० हजार आम्दानी गरेकीछिन्। यसरी आम्दानी भएको रकमबाट घरखर्च, छोराको विमा र आफ्नो पढाइमा खर्च गर्न सक्ने भएकीछिन्। उनको आगामी योजना भनेको यदि संकलन केन्द्र भएमा तरकारी खेतीमा वृद्दी गर्ने योजना रहेको छ।

उनी भन्छिन्, "शिक्षा लिएको व्यक्तीले कृषि व्यवसाय गर्नु हुदैन भन्ने मान्यता बोक्नु भन्दा उत्पादनमूलक कृषि व्यवसाय गर्न सकिन्छ त्यसैले उत्पादनमूलक कृषि गरी आम्दानीमा वृद्धि गर्नुहुन युवालाई आवहान गर्न चाहन्छु।"







# आधुनिक कृषिले ल्याएको परिवर्तन

आठविस नगरपालिका वडा नं. ३ दैलेखकी चन्द्रा माझि सिर्जनशील युवा क्लवकी सदस्य हुन्। पुरानै मौषमी कृषि प्रणाली अपनाएर खेति किसानी गर्दै आएकी माझीको परिवारलाई आफ्नो प्रसस्त जमिनमा जति दुःख गर्दा पनि ४ महिना सम्म खान नपुग्ने अवस्था थियो। उनका श्रीमान् अफ्नो परिवारको आधारभुत आवश्यकता पुरा गर्नको लागि भारत जानै पर्ने वाध्यता थियो।

डिसिएको सहयोगमा सोसेक नेपालद्धारा संचालित साकार परियोजनाले जव सिर्जनशील युवा क्लव निर्माण गरी विभिन्न आधुनिक जलवायु मैत्री कृषि तथा मौषमी वेमौषमी तरकारी खेति सम्बन्धि तालिम दिई उन्नत जातका विउविजन, जलवायु मैत्री आधुनिक कृषि औजार वितरण गर्दै कृषि सम्बन्धि प्राविधिक सहयोग उक्त समूहमा परिचालन गर्दै उत्पादन गरेको तरकारीको वजार समेत व्यवस्थापन गऱ्यो, अनि आउन थाल्यो सिर्जनशील समूहकी सदस्य चन्द्रा माझिको जीवनमा सकारात्मक परिवर्तन।

अहिले उनले मौषिमी, वेमौषमी तरकारी खेति गरी आफ्नो वाल वच्चा पढाउने मात्र होइन, परिवारको आवश्यकता पुरा गर्न विदेशिने उनका श्रीमान्लाई पनि घरकै तरकारी खेतिमा संलग्न गराएकी छन् र अहिले उनले परिवारको सम्पूर्ण आवश्यकता पुरा गरी समूहमा वचतसम्म गर्न सफल भएकी छिन्।

चन्द्रा माझी भन्छिन् "कुनै समय आफ्नो श्रीमान् संगै वस्ने चाहना हुदाहुदै पनि घरको आवश्यकता पुरा गर्नको लागी श्रीमान्लाई विदेश पठाउनु पर्ने वाध्यता थियो तर अहिले सोसेक नेपाल मार्फत संचालित साकार परियोजनाको सहयोग पश्चात शुरु गरेको आधुनिक जलवायुमैत्री तरकारी खेतिले गर्दा मेरो श्रीमान्संगै वस्ने चाहना मात्र पुरा गरेको छैन, मैले मेरा वाल वच्चालाई समेत राम्रो विद्यालयमा पढाउन सकेकी छु।"

# अन्धकारबाट उज्यालो सम्मको हिमानीको जीवन कथा





"सोसेक नेपाल नभएको भए म संसार देख्न सक्दिनथें, यदि समयमै उपचार नपाएको भए मेरो जीवन संगै मेरो भविष्य पनि अन्धकारमय हुने थियो।"

आठबिस नगरपालिका-२ सिगौडीकी १६ वर्षीय हिमानी खनाल कक्षा ८ मा अध्ययनरत थिइन्। उनि आफ्नो आमा र भाइसँग गरिबीमा जीवन बिताईरहेकी थिइन्। उनका बुबा रक्सी पिएर घरमा झगडा गर्ने गर्दथे। तर एक दिन भारतमा ज्याला मजदुरी गर्न घर छाडेपछि उनको बुवा विगत एक वर्षदेखि सम्पर्क विहीन भए। भविष्यमा नर्स बनेर आफ्नो परिवारलाई सहयोग गर्ने हिमानीको सपना थियो। उनि आफ्नो सपना साकार पार्न मेहेनत गरेर अध्ययन गर्थिन्, जसको कारण उनि पढाईमा अब्बल थिन्।

यसरी दिन बित्दै जाँदा उनलाई टाउको दुख्ने समस्याले सताउन थाल्यो र बिस्तारै उनको दृष्टि गुम्दै गयो। अन्तत उनि राम्रो सँग देख्न र अक्षर चिन्न समेत नसक्ने भईन। देख्न नसक्ने भएकाले उनलाई पढ्न र लेख्न गाह्रो भयो। पढाईमा कक्षामा सबै भन्दा उत्कृष्ट रहेकी विद्यार्थी आखाँ नदेखेको कारण पढाइमा कमजोर हुन पुगिन्। उनको नाजुक अवस्था देखेर उनी पढेको विद्यालयले उनको उपचारका लागि छात्रवृत्ति रकम उपलब्ध गराएको थियो। त्यसपछि उनले मेडिकलमा आँखाको उपचार गराइन्। तर, पनि कुनै प्रगति हुन सकेको थिएन। बरु, उनको अवस्था दिन प्रतिदिन खराब हुँदै गयो। जसले गर्दा उनले आफ्नो दृष्टि पूरै गुमाउने अवस्थामा पुगिन्। जसबाट उनले आफ्ना सबै आशा, सपना र बाल्यकालको सन्तुष्टि तथा सुख पनि गुमाइरहेकी थिइन्।

यसैबीच, गाउँ बाल संरक्षण समितिले बाल






जोखिमका घटनाहरूको सर्वेक्षण गर्यो। सामाजिक सेवा केन्द्र (सोसेक) नेपालले सेभ द चिल्ड्रेनको सहयोगमा सञ्चालन गरेको सहयात्रा पहिलो परियोजनले जोखिममा रहेका बालबालिकाको अध्ययन गर्दा हिमानीको अवस्था को बारे जानकारी प्राप्त भयो। र उनको तत्काल आवश्यकता, संस्था द्वारा सम्बोधन गरिएको थियो। हिमानीलाई नेपालगन्ज अस्पतालमा उपचारका लागि समयमै सहयोग गरिएको थियो। अन्ततः उपचार पछि, उनले आफ्नो आँखाको ज्योति पूर्ण प्राप्त गरिन्। त्यसपछि उनी आफ्नो सामान्य जीवनमा फर्किन सफल भईन। पूर्ण आँखाको ज्योति प्राप्त भए पछि, उनको पढाइप्रतिको चाहना पनि बढ्दै गयो र उनले पूर्णताका साथ पढ्न थालिन्।

अहिले उनको आँखाको अवस्था साँच्चै राम्रो छ, उनले उच्च माध्यमिक परीक्षा दिएर सुर्खेतमा 'इन्टरप्राइज डेभलपमेन्ट फ्यासिलिटेटर' (ब्यबसईक बिकास सहजकर्ता) ढरेहेकी छिन्। 'यी सब परिवर्तन सोसेक नेपालको कारणले भएको हो। सोसेक नेपाल नभएको भए म संसार देख्न सक्दिनथें। समयमै उपचार नपाएका भए मेरो जीवन अन्धकार हुने थियो।

"आफ्नो अनुभव स्मरण गर्दै हिमानी खनालले भनिन्, "समस्याग्रस्त अवस्थामा सोसेक नेपाल मेरो लागि शुभचिन्तक बनेर अगाडि आयो। सोसेक नेपालको सहयोगमा मेरो उपचार र उद्धार भयो। यो संस्थाले मेरो लागि मेरो अभिभावक भन्दा बढी भूमिका निर्वाह गरेको छ। सायद सोसेक नेपाल नभएको भए मेरो जीवन अन्धकार हुने थियो। म अहिले जुन ठाउँमा छु, त्यो सोसेक नेपालको उपहार हो। तसर्थ, म संस्थाप्रति आभारी छु र यस संस्थाको उन्नतिको कामना गर्दछु। म जस्तै समस्यामा परेका अरूले पनि संस्थाबाट तत्काल समाधान पाउन् भन्ने मेरो आशा र चाहना रहेको छ।"

> "नगार्नु आमा बुवा मलाई विहेको कर
> छैन मलाई २० वर्ष नपुगी विहे गर्ने रहर"
>
> \- Quotes by Basanta Shrestha DED of SOSEC Nepal

# "जवाफदेहि सेवा, सुनुवाई तथा गुणस्तरीय कार्यक्रम कार्यान्वयनका लागि हाम्रो अनुरोध"

## Monitoring, Evalutation, Accountability and Learning (MEAL)

### सोसेक नेपालद्वारा स्थापना गरिएको जिज्ञासा तथा सुझाव सुनवाई सयन्त्र अर्न्तगत संस्थाद्वारा सञ्चालित कार्यक्रमहरुमा

- संस्थाको नीति, नियम तथा आचारसंहिता विपरितका कार्यहरू भएको पाईएमा।
- गुणस्तरीय कार्यक्रम कार्यान्वयन तथा लक्षित वर्ग छनौटमा भेदभाव भएको पाईएमा।
- जिम्मेवारीको आधारमा प्राप्त अख्तियारी वा श्रोतको दुरूपयोग भएको पाईएमा।
- बालबालिका र महिला माथि लैङ्गिक, आर्थिक तथा जातीय आदि कुनै पनि प्रकारका विभेद तथा दुर्व्यवहारपूर्ण कार्य भएको पाईएमा।
- संस्थाका कर्मचारीले बालबालिकालाई बाल श्रमिक, जोखिमपूर्ण तथा हानि हुने खालको क्रियाकलापमा सहभागि गराएको पाईएमा।
- संस्थाद्धारा सहयोग गरीएका शैक्षिक तथा अन्य सामाग्रीहरूको प्रयोग तथा संरक्षण नभएको पाईएमा।
- संस्थाको सहयोगमा निर्माण भईरहेका योजना गुणस्तरीय नभएमा वा प्रयोग विहिन भएको पाईएमा।
- संस्थाद्धारा संचालित कार्यक्रम तथा क्रियाकलापहरूको गुणस्तर मानक पुरा नभएको पाईएमा।

सोसेक नेपालद्वारा जिज्ञासा तथा सल्लाह सुझाव संकलनमा लागि स्थापित नि:शुल्क टोल फ्रि नम्बर एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८ मा फोन गरी वा कार्यालयमा रहेको जिज्ञासा तथा सुझाव पेटिका तथा ईमेल cfm@sosec.org.np मार्फत पनि जिज्ञासा तथा सुझाव दिन सक्नुहुनेछ ।

सोसेक नेपालमा आबद्ध कुनै कर्मचारी, पदाधिकारी, स्वयसेवक र सेवा तथा बस्तु प्रदायकहरुसंग सम्बन्धित संस्थाको संरक्षण नीति (बाल र बयस्क), दुर्व्यवहार बिरूद्धको निती र आँचार संहितासंग सम्बन्धित कुनै सुझाव तथा सल्लाह जिज्ञासा भएमा निम्न ठेगानामा सम्पर्क गर्नहुन अनुरोध छ :
जेसी बाल संरक्षण सम्पर्क व्यक्ति : मोबाईल नं.९८५८०२२५११, ९८५८०५१०८९ र ९८५११५१०८९ ईमेल : safeguarding@sosec.org.np

**तपाईले गर्नुभएको जिज्ञासालाई सम्वेदनशिलतापूर्वक लिईनेछ र आवश्यक छानविन गरि सम्बोधन गरिनेछ । यदि जिज्ञासाकर्ताले आफ्नो व्यक्तिगत विवरण गोप्य राख्न चाहेमा जिज्ञासा गर्ने व्यक्तिको विवरण गोप्य**


## सोसेक नेपाल

**केन्द्रिय कार्यालय : नारायण नगरपालिका-१, दैलेख**

केन्द्रीय कार्यालय फोन नं.: ०८९-४१०१८७/४१००९६/०८९-४१००९३
बाल हेल्पलाईन १०९८ (दश नौ आठ)/९८५८०८८२२२/९८५८०३६२२२
महिला र बालबालिका केन्द्र, दैलेख : ०८९ ४१०२२२
महिला र बालबालिका केन्द्र, कालिकोट : ०८७-४४०३४४
काठमाडौं सम्पर्क कार्यालय : ०१-५९१०८९०, सुर्खेत प्रदेश कार्यालय : ०८३-४१४२५५
पैसा नलाग्ने टोल फ्रि नं.: एनटिसी १६६०८९४२००१, एनसेल ९८०१५७४८८८
इमेल:- sosecdailekh@gmail.com, info@sosec.org.np, hirad@ntc.com.np
Website:- www.sosec.org.np